# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## कालिका नगरपालिका
## चितवन

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## कालिका नगरपालिका

## चितवन

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

कालिका नगरपालिका

चितवन

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ।यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

**२०८१** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

महालेखा परीक्षकको कार्यालय नेपाल

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**

बागमती प्रदेश

मितिः२०८१।०२।१३

प.सं. २०८०।८१

च.नं. १८८

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री नगर प्रमुखज्यू,

कालिका नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,

रेडक्रससग्राम, चितवन ।

१. **कैफियत सहितको राय** - हामीले कालिका नगरपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.२ करोड २८ लाख ४५ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु.५१ लाख ४४ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू.४६ लाख ५९ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.३३ लाख १७ हजार, नियमित गर्नुपर्ने रु.९ लाख २१ हजार र पेश्की बाँकी रु.८८ लाख ४ हजार समेत रु.१ करोड ७७ लाख १ हजार रहेको छ । कालिका नगरपालिकाको गतवर्षसम्म रु.३ करोड ९० लाख ५७ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक

बेरुजू रु.४ करोड ३३ लाख ४४ हजार रहेको छ । पालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने कालिका नगरपालिकासँग हामी स्वतन्त्र छौं।त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी कालिका नगरपालिकाको व्यवस्थापनमा रहेको छ।पालिकाका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

**(शंकर प्रसाद पन्थी)**

**नायब महालेखापरीक्षक**

कालिका नगरपालिका,

चितवन जिल्ला,

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | | | | | | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ४२ | १६३ | २२८४५ | ० | ३१ | ५१४४ | ४२ | १३२ | १७७०१ | ४६५९ | ९२१ | ३३१७ | ० | ० | ८८९७ | ८८०४ |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| चितवन | ३९०५७ | ० | १३४१४ | २५६४३ | ० | १७७०१ | ४३३४४ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं. | आर्थिक वर्ष | बेरुजु को दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७९।८० (चालु वर्षको) | २० | कर्मचारीहरुको बढी दरको भुक्तानी रकम असुलीको प्रमाण पेश | १३३४५ |
| | | २५ | ऋषि प्रसाद कटुवाल र सितामाया दाहालको दोहोरो भुक्तानी रकम असुलीको प्रमाण पेश | ११८३५ |
| | | ३० | नेपाल विद्युत प्राधिकरणको विद्यूत महशुलको बील पेश | १५०००० |
| | | ४०.१ | दुर्गा केसीको तलब बढी निकासा रकम असुल भएको प्रमाण पेश | ५०७९३ |
| | | ४१ | कक्षा ८ परीक्षा संचालन खर्च बढी भुक्तानी रकम दाखिलाको प्रमाण पेश | १३२७७५ |
| | | ४२ | विद्यालयहरुको छात्राबृत्ती रकम दाखिलाको प्रमाण पेश | १६२०० |
| | | ४५ | रुपा बस्नेतको चाडपर्व रकम दाखिलाको प्रमाण पेश | ४०१७५ |
| | | ४६ | कर्मचारीहरुको नम्सभन्दा बढी भुक्तानी भत्ता रकम दाखिलाको प्रमाण पेश | ४७६८५ |

<table>
<tr><td></td><td></td><td>४७</td><td>कालिका मौरी पकेटको दोहोरो गाडी भाडा दाखिलाको प्रमाण पेश</td><td>८०००</td></tr>
<tr><td></td><td></td><td>५०</td><td>लक्ष्मण पौडेलको नपुग कर दाखिलाको प्रमाण पेश</td><td>९९००</td></tr>
<tr><td></td><td></td><td>६५.२</td><td>सोधभर्ना बाँकी बीमाको प्रमाण पेश</td><td>४६६४००५.४३</td></tr>
<tr><td></td><td>चालु वर्षको जम्मा</td><td></td><td></td><td>५१४४७१३.४३</td></tr>
<tr><td></td><td>गत विगत वर्षतर्फको</td><td></td><td></td><td></td></tr>
<tr><td>२</td><td>२०७८।७९</td><td>३२</td><td>भिमोदय मा वि को OJT अनुदानको प्रमाण पेश</td><td>१६९५०००</td></tr>
<tr><td>३</td><td>२०७७।७८</td><td>१९</td><td>पि के निर्माण सेवाको पेश्की फछ्यौंटको प्रमाण पेश</td><td>२१००००</td></tr>
<tr><td></td><td>२०७७।७८</td><td>३७</td><td>निम्नानुसार विद्यालयहरुले राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत कक्षा कोठा निर्माण तथा खानेपानी सहितको शौचालय निर्माण गरी प्रमाण पेश गरेको आधारमा फस्यौंट
<table>
<tr><th>सि.नं.</th><th>विद्यालयको नाम</th><th>रकम</th></tr>
<tr><td>१</td><td>रामा वि मझवाड</td><td>१८०००००</td></tr>
<tr><td>२</td><td>आधारभुत विद्यालय छेपेढाप</td><td>१८०००००</td></tr>
<tr><td>३</td><td>आधारभुत विद्यालय न्युरेनी</td><td>१८०००००</td></tr>
<tr><td>४</td><td>पृथ्वी मा वि</td><td>१८०००००</td></tr>
<tr><td>५</td><td>आधारभुत विद्यालय गैरीवारी</td><td>१८०००००</td></tr>
<tr><td>६</td><td>आधारभुत विद्यालय बनकट्टा</td><td>१८०००००</td></tr>
<tr><td>७</td><td>आधारभुत विद्यालय जुटपानी</td><td>७०००००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>११५०००००</td></tr>
</table>
</td><td>११५०००००</td></tr>
<tr><td>४</td><td>२०७३।७४</td><td>११</td><td>गोविन्द सिग्देलको दोहोरो भत्ता रकम असुलीको प्रमाण पेश</td><td>८८३४</td></tr>
<tr><td colspan="4">गत विगतको जम्मा</td><td>१३४१३८३४</td></tr>
<tr><td colspan="4">कुल जम्मा</td><td>१८५५८५४७.४३</td></tr>
</table>

**पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।**

परिचय

१ **(क) कार्यालय परिचय -** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ११ वडा रहेको छ भने क्षेत्रफल १४९.०८ वर्ग किलोमिटर तथा ५२ हजार १६४ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।१०।४ देखि २०८०।१०।७ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन्।सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति -** कार्यालयको विनियोजन, राजश्व, धरौटी, अन्य कारोबार, आय-व्यय गरी जम्मा रु.१,०४,९९,५९,१५४।५४ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली -** लेखापरीक्षणको क्रममा निम्नानुसार रु.३,६२,४७९।- असुल भई दाखिला भौचर पेश भएको छ ।

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| १ | दिवा खाजा, पाठ्यपुस्तक, छात्रवृत्ति, बुक कर्नर, तथा तलब बढि निकासा | २८८८२९ |
| २ | बढि भुक्तानी | ४१३४० |
| ३ | दोहोरो भुक्तानी | ३२३१० |
| **जम्माः** | | **३६२४७९** |

## २ स्थानीय सञ्चित कोष

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम पालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका आय-व्यय हिसावको आर्थिक वर्ष २०७९।८० को वित्तीय प्रतिवेदन म.ले.प.फा.नं. २७२ निम्न बमोजिम रहेको छः

| विवरण | टिप्पणी | यस वर्ष रु. | | | |
|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/ सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ८६६८७३६३८ | ७२४९४२६०७ | ० | ७२४९४२६०७ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ८४९६८९००० | ७०६८५०९९४ | ० | ७०६८५०९९४ |
| ११००० कर | ११ | २३९६३३००० | १८१७१६४०९ | ० | १८१७१६४०९ |
| १३००० अनुदान | | ५७५६५५००० | ४९५६४४१७१ | ० | ४९५६४४१७१ |
| संघीय सरकार | १२ | ४८२७४६००० | ४३३५९७९७९ | ० | ४३३५९७९७९ |
| प्रदेश सरकार | १२ | ६८९०९००० | ५४१६३३१४ | ० | ५४१६३३१४ |
| अन्तरिक श्रोत | | १९०००००० | २२१८०४७ | ० | २२१८०४७ |
| जनसहभागिता | | ५०००००० | ५६६४८३१ | ० | ५६६४८३१ |
| १४००० अन्य राजस्व | | ३४३०१००० | २९२२८४५९ | ० | २९२२८४५९ |
| १५००० विविध प्राप्ति | | १००००० | २६१९५५ | ० | २६१९५५ |
| ख. अन्य प्राप्ति | | १७१८४६३८ | १८०९१६१३ | | १८०९१६१३ |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० |
| कोषहरु | | १७१८४६३८ | ७१८४६३८ | ० | ७१८४६३८ |
| धरौटी | | ० | १०९०६९७५ | ० | १०९०६९७५ |
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ९९२३७२६३८ | ७६८२५६०७९ | | ७६८२५६०७९ |

| | | | | | |
|---|---|---|---|---|---|
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ९७५१८८००० | ७४७६१६४५५ | | ७४७६१६४५५ |
| २१००० पारिश्रमिक/ सुविधा | १८ | २३१२०५००० | २१८७२७०१९ | ० | २१८७२७०१९ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १८७४४६५१० | १४१३४२४१० | ० | १४१३४२४१० |
| २५००० सहायता ( Subsidy) | १८ | ७७४०६०० | ६७५९४२७ | ० | ६७५९४२७ |
| २६००० अनुदान | १८ | १७९२४००० | १५०५६२०९ | ० | १५०५६२०९ |
| २७००० सामाजिक सुरक्षा | १८ | २०४९५००० | १४७५४८८७ | ० | १४७५४८८७ |
| २८००० अन्य खर्च | १८ | ४८९९८९० | ४००२३०८ | ० | ४००२३०८ |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | ५०५४७७००० | ३४६९७४१९४ | ० | ३४६९७४१९४ |
| घ. अन्य भूक्तानी | | १७१८४६३८ | २०६३९६२४ | | २०६३९६२४ |
| कोषहरु | | १७१८४६३८ | ६०४९४६४ | ० | ६०४९४६४ |
| धरौटी | | ० | १४५९०१६० | ० | १४५९०१६० |
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० |
| ङ. यो वर्षको बचत (न्युन) | | | -३९१२८८३४ | | -३९१२८८३४ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | १५४२२३२१८ | | १५४२२३२१८ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | | ११०९०९७४६ | | ११०९०९७४६ |
| बैंक तथा नगद बाकी | २४ | | १०८६७०६०८ | | १०८६७०६०८ |

पालिकाले पेस गरेको वित्तीय विवरणमा समावेश नभएको खर्च शीर्षकहरू निम्नानुसार रहेका छन्ः

| सि.नं. | खर्च शीर्षक | बजेट | निकासा खर्च |
|---|---|---|---|
| १ | सामाजिक सुरक्षा तथा संरक्षण | १७२८१८४८० | १७०३४३०७० |
| २ | गरिबसँग विश्वेश्वर | ४६५००० | ४५०२६० |
| **जम्मा** | | **१७३२८३४८०** | **१७०७९३३३०** |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

### ३ वित्तीय प्रतिवेदन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार

लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

## ३.१ वित्तीय विवरणको यथार्थता

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१,७०,३४,३०७। र गरिबसँग विश्वेश्वर कार्यक्रमको रू.४,५०,२६०। समेत गरी रु.१७,०७,९३,३३०। सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

## ३.२ बैङ्क कारोबारमा भिन्नता

प्राप्त वितीय विवरण अनुसार बर्षान्तको बाँकी रु.११,०९,०९,७४५।९२ र अनुसूची-२४ अनुसार बैंक तथा नगद बाँकी रु.१०,८६,७०,६०७।९७ भई नगद तथा बैंक रु.२२,३९,१३७।९५ ले कमी देखिएको वित्तीय विवरणले देखाउँदछ । यस सम्बन्धमा पुष्ट्याइ प्राप्त नभएकोले हिसाव यकिन हुनुपर्दछ ।

## ३.३ फरक जिम्मेवारी

पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.१७,९१,३६,६९२। मौज्दात रहेकोमा यो वर्ष रु.१५,४२,२३,२१७।८४ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.२,४९,१३,४७४।८९ घटी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्दछ ।

## ४ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन्:

### वजेट व्यवस्थापनतर्फ

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन नगरेको,स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची ११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन,
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा स्थानीय तहले सो बमोजिमको मध्यमकालिन खर्चको संरचना तयार नगरेको.

- दीगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकिकरणको लागि एकीकृत दीर्घकालिन योजना तयार नगरेको,
- स्थानीय तहले कार्यक्रम संचालन जस्तैः बैठक भत्ता, तालिम, गोष्ठी गर्नको लागि कार्य संचालन निर्देशिका स्वीकृति गरी सोको पालना नगरेको,
- स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेको ।

**भ्रमण खर्च व्यवस्थापनतर्फ**

- भ्रमण खर्च नियमावली, २०६४ अनुसार कार्यालयले भ्रमण काजमा खटाउँदा भ्रमणअभिलेख व्यवस्थित नगरेको,
- नियमावलीमा उल्लेख भएबमोजिम भ्रमण पश्चात् भ्रमण प्रतिवेदन लिने नगरेको ।

**खरिद व्यवस्थापन तर्फ**

- स्थानीय तहले सार्वजनिक खरिद नियमावली तर्जुमा नगरेको,
- सार्वजनिक खरिद ऐन, २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ। स्थानीय तहले खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार नगरेको,
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको,
- सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण नगरेको,
- स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण नगरेको,
- स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वयन र अभिलेख राख्ने नगरेको,

**शिक्षातर्फ**

- स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको तथा अनुगमन गरेको छैन,
- कार्यक्रम कार्यान्वयन पुस्तिका मा *IEMIS* मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्ने कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन नभएको,
- शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ मा नं. (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुबाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी

विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्यावधिक गरि राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु तयार नगरेको ।

- संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, वर्गिकरण, अनुगमन र अभिलेख व्यवस्थित नरहेको,
- संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्यांक शैक्षिक व्यवस्थापन सूचना प्रणाली (*IEMIS)* अद्यावधिक नगरेको ।

**विविधतर्फ**

- कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखे नराखेको,
- कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित नगरेको,
- मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समिति तथा नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार पेश्की फस्योंट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा नगरेको ।

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ।

## ५ बजेट पेस, पारित र अख्तियारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ ।सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ ।यस पालिकाको उपप्रमुखले मिति २०७९।३।१० मा रु.९७ करोड ५१ लाख ८८ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।३।२९ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । समयमै अख्तियारी बजेट कार्यक्रम हुँदासमेत पुँजीगत बजेट ६८.६४ प्रतिशत मात्रै खर्च भएको अवस्था छ । बजेट कार्यान्वयन दक्षता बढाउनु पर्ने देखिन्छ ।

## ६ क्षेत्रगत बजेट र खर्चको स्थिति

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| सि.नं. | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ७००२३५२०.०० | ५३२१६०६२.०३ | ७.१२ |
| २ | सामाजिक विकास | ३५६१६९९१०.०० | ३१७८८७१८७.९० | ४२.५२ |
| ३ | पूर्वाधार विकास | ३८७८४६९३६.३० | २५३१५८३५२.३१ | ३३.८६ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ४०५८३८९०.०० | २४३०८०४१.८६ | ३.२५ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १२०५६३७४३.७० | ९९०४६८१०.७१ | १३.२५ |
| **कुल जम्मा** | | **९७५१८८०००.००** | **७४७६१६४५४.८१** | **१००.००** |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकास क्षेधमा सबैभन्दा बढी ४२.५२ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबैभन्दा घटी ३.२५ प्रतिशत रहेको छ ।

## ७ त्रैमासिक पुँजीगत खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशीर्षक | कुल खर्च | त्रैमासिक खर्च रू. हजारमा | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुँजीगत खर्चतर्फ | ३४६९७४ | १६८८९ | ३८०१८ | ९५२११ | १९६८५६ | १०८२०३ |
| प्रतिशत | १००.०० | ४.८७ | १०.९६ | २७.४४ | ५६.७४ | ३१.१८ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार रू.३४ करोड ६९ लाख ७४ हजार पुँजीगत खर्च भएकोमा प्रथम त्रैमासिकमा रु.१ करोड ६८ लाख ८९ हजार (४.८७ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.३ करोड ८० लाख १८ हजार (१०.९६ प्रतिशत), तेस्रो त्रैमासिकमा रु.९ करोड ५२ लाख ११ हजार (२७.४४ प्रतिशत) र चौथो त्रैमासिकमा रू.१९ करोड ६८ लाख ५६ हजार (५६.७४ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.१० करोड ८२ लाख ३ हजार (३१.१८ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

## ८ अनुदान फिर्ता बाँकी

संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि अनुसार ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समानीकरण वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण अनुसार पालिकाले संघीय सशर्तको २०७९ असार मसान्तमा रू.७१,८४,६३७।९५ खर्च नभई बाँकी रहेकोमा गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी

बनाई पालिकाको विविध खर्च खातामा ट्रान्सफर गरी रू.६३,८१,०३७।९५ खर्च गरेको छ । खर्च नभई बाँकी रहेको रू.८,०३,६००।- रकम संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने रू.

| भौ.नं र मिति | विद्यालयको नाम | विवरण | खर्च रकम | बाँकी |
|---|---|---|---|---|
| २।२०७९।६।९ | भिमोदय मा.वि. | ICT Lab | ६३०५०० | ८०३६०० |
| ३।२०७९।९।२९ | जनहित आ.वि. | अधुरो भवन निर्माण | ५५०००० | |
| ६।२०८०।३।१ | रेडक्रस मा.वि. | भवन निर्माण | २७९६४०० | |
| ५।२०७९।१०।२३ | | बेरूजु खातामा दाखिला | २४०४१३७।९५ | |
| **जम्मा** | | | **६३८१०३७।९५** | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,०३,६०० |

## ९ खर्च विश्लेषण

पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु.४,०५,७३,३१६।६९, राजस्व बाँडफाँड र अनुदानबाट रु.६८,४३,६९,२९०।०१ समेत रु.७२,४९,४२,६०६।७० आम्दानी भएकोमा चालुतर्फ रु.४०,०६,४२,२६०।३६ र पुँजीगततर्फ रु.३४,६९,७४,१९४।४५ र वित्तीय व्यवस्थातर्फ रु.२,०६,३९,६२३।८१ समेत रु.७६,८२,५६,०७८।६२ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ५.२८ प्रतिशत रहेको छ ।यसवर्ष पदाधिकारी सुबिधामा रू.१,०३,४४,०००।- खर्च भएको छ जुन आन्तरिक आयको २५.४९ प्रतिशत रहेको छ।पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५५.२६ प्रतिशत चालु र ४७.८६ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ ।यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ।प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

## १० योजना प्राथिमीकिरण

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नअनुसार ११ वडाको लागि वडागत र पालिकास्तरका कुल ३०९ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | पालिकास्तरीय | ४८ | १८ | १७ | १३ |
| २ | वडास्तरीय | २६१ | १८ | ५२ | १९१ |
| | **जम्मा** | **३०९** | **३६** | **६९** | **२०४** |

उपर्युक्त विवरण अनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये २९० योजनामात्र कार्यान्वयन भई १९ योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

## ११ गत आ.व. को भुक्तानी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित तथा यस वर्षको बजेटमासमेत गत वर्षको भुक्तानी दिन बाँकीको रू.१०,००,०००।व्यवस्था गरी रु.९,४६,२८१।६६ भुक्तानी दिएको छ। ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र गत विगतको भुक्तानी दिने गरी बजेट निर्माण गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

## १२ जिन्सी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सबै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (*PAMS)*मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (*PAMS)* मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

- यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।
- नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ ।

## १३ सहकारी अनुगमन

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ४६ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नुपर्दछ ।

## १४ कानुन निर्माण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । यस पालिकाले हालसम्म ३३ वटा ऐन, ३ वटा नियमावली, ४० कार्यविधि, ७ निर्देशिका, १ नर्म्स लगायत ८१ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ ।

## १५ न्यायिक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ७ र यो वर्ष थप भएको ३ गरी कुल १० विवाद दर्ता भएकोमा ७ वटा मात्र फर्स्यौट भई ३ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

## १६ दहत्तर बहत्तर संकलन

१६.१ बागमती प्रदेश आर्थिक ऐन, २०७९ को दफा ९ मा ढुंगा, गिट्टी, बालुवा र दहत्तर बहत्तर संकलन अनुसुची ५ मा तोकिएको दरमा नघट्ने गरी लगाइने र असुल गरीने उल्लेख छ । साथै ऐनको दफा १२ मा प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि प्रदेश सरकारले आवश्यकता अनुसार दर घटाउन तथा छुट दिन सक्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रमा उपलब्ध भएको ढुङ्गा, गिट्टी, बालुवाको बिक्री अमानतबाट गरेकोमा निम्नानुसार व्यहोरा देखिएको छ ।

लेखापरीक्षणको समयमा पालिकाले उपलब्ध गराएको विवरण अनुसार अमानतबाट ढुङ्गा, गिट्टी र माटो निम्नानुसार उपभोक्ता समितीलाई बिक्री गरी १३ प्रतिशत भ्याट रु.३,७२,७७२।- असुल गरेकोमा संघीय राजस्व शिर्षकमा दाखिला गरेको नदेखिएकोले दाखिला गर्नुपर्ने रु.

| सि.नं. | विवरण | बिक्रि रकम | भ्याट रकम |
|---|---|---|---|
| १ | जि एल सप्लायर्स | २९७६० | ३८६९ |
| २ | कुमारी कंक्रिट एण्ड ब्लक उद्योग | १४८८०० | १९३४४ |
| ३ | थाङ बुङ्ग खोला ब्यबस्थान उपभोक्ता समिती | १५७४३५० | २०४६६५ |
| ४ | टेकनाथको घर नजिक देखि हठना खोजवार घर नजिक नन्दलाल आचार्यको घर सम्म | १३३५६० | १७३६३ |
| ५ | विभिन्न सडक ग्रावेल | २२८९६० | २९७६५ |
| ६ | मिलनचोक देखि दक्षिण २.न सिमाना सम्म | ९५४०० | १२४०२ |
| ७ | बुढीकुलो छेउ सडक निर्माण गर्ने कार्य | १९०८०० | २४८०४ |
| ८ | वडा भित्रका विभिन्न भित्री सडक ग्रावेल | १०६८४८ | १३८९० |
| ९ | धनन्जय कप्रिको घर छेउ पुर्व कर्ण घर छेउ | ४५७९२ | ५९९३ |
| १० | प्रमोद पोखरेलको फर्म देखि धुर्व आचार्यको खेत | ४१९७६ | ५४५७ |
| ११ | वडा कार्यालय चोक देखि दक्षिण तिवारीको घर | ३८१६० | ४९६० |
| १२ | चिरंजिविको घर देखि माईला सार्कीको घर सम्म | ३८१६० | ४९६० |
| १३ | दिव्यज्योति टोल बाबुराम बास्तोलाको घर सम्म | ७२५०४ | ९४२५ |
| १४ | विकास महतोको घर देखि पुर्व २ न. सिमाना सम्म | १२२११२ | १५८७५ |
| **जम्माः** | | | **३७२७७२** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,७२,७७२ |

१६.२ लेखापरीक्षणको समयमा पालिकाले उपलब्ध गराएको विवरण अनुसार आर्थिक वर्ष २०७९।०८० मा निम्नानुसार परिमाण ढुङ्गा, ग्रावेल उत्खनन र जफत गरी आर्थिक वर्ष २०८०।०८१ मा अल्या गरेको छ।

| सि.नं. | विवरण | जम्मा गरेको स्थान | परिमाण(घनमिटर) |
|---|---|---|---|
| १ | ग्रावेल | सहिद स्मृती क्याम्पस डीपो | ५८४४ |
| २ | ग्रावेल | वडा नं ८ को वडा कार्यलयमा | ३१५६ |
| ३ | ढुङ्गा जफत गरेको | वडा नं ७ को वडा कार्यलयमा | ३१२७ |
| ४ | ग्रावेल जफत गरेको | वडा नं ८ को वडा कार्यलयमा | १०८ |
| ५ | चिप्स गिट्टी | महिला संजाल भवन | ४४४ |

१६.३ लेखापरीक्षणको समयमा पालिकाले उपलब्ध गराएको विवरण अनुसार अमानतबाट थाङ बुङ्ग खोला व्यवस्थापन उपभोक्ता समितीलाई मिती २०८०।२।२८ देखी ३।२१ सम्म १४२९ घन मिटर ढुंगा रु.१,२९९.५०।- प्रति घन मिटर भ्याट सहित बिक्रि गरेकोमा १३६९ घन मिटरको रु.१७,७९,०१५।- (भौ.नं. ४४२।०८०।३।२२ बाट ४९२.८० घन मिटरको रु.६,४०,३९४।- र भौ.नं. ३३।०८०।४।१९ बाट ८७६.२० घन मिटरको रु.११,३८,६२१।-) मात्र प्राप्त भएकोले बाँकि ६० घन मिटरको रु.७७,९७०।- असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७७,९७० |

## १७ आय अनुमान

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.५,४०,००,०००।- प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु.४,०५,७३,३१६।६९ अर्थात अनुमान भन्दा २४.८६ प्रतिशत घटी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ।

## १८ कर तथा शुल्क असुली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | ४०००००० | ४२३८८९७।५० | १०५।९७ |
| घरजग्गा वहाल कर | १५००००० | ३७३९९४८।११ | २४९।३३ |
| व्यवसाय कर | २०००००० | १७२७०२१ | ८६।३५ |
| वहाल विरौटी शुल्क | १००००० | ० | ० |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

## १९ व्यवसाय कर

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु..१७,२७,०२१।- कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छन् । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छ्रन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

## २० बढि दरमा सेशन

अर्थ मन्त्रालयबाट स्वीकृत भई जारी भएको कार्य संचालन निर्देशिका, २०७७ को बुंदा नं. ७.१.१५ बमोजिम सार्वजनिक निकायले संचालन गर्ने तालिम, गोष्ठि, सेमिनार तथा कार्यशालामा एउटा कक्षाको अवधि १ घण्टा ३० मिनेटको हुनुपर्ने व्यवस्था छ । साथै सम्बन्धित कार्यालयले संचालन गरेको तालिममा सोही कार्यालयको स्रोत व्यक्ति भएको अवस्थामा कक्षा लिए वापतको पारिश्रमिक नपाउने तर कार्यपत्र वापत

रु.७००।- पाउने उल्लेख छ । पालिकाले उल्लेखित कार्यक्रम संचालन गरी स्रोत व्यक्तिहरुलाई बढि दरमा सेशनको रु.४,३३५।- भुक्तानी गरेकोले असुल गर्नुपर्ने रु.

| भौ.नं. र मिति | कार्यक्रम | प्रशिक्षक | भुक्तानी दिनुपर्ने | भुक्तानी दिएको | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| ३४३।०८०।३।२२ | घटना दर्ता सम्बन्धी १ दिने अभिमुखि कार्यक्रम | केशव प्रसाद उपाध्या सहित ४ जना | ७०० | २१००*३<br>१६००*१ | ४३३५ |
| जम्माः | | | | | ४३३५ |

***(प्रारम्भिक प्रतिवेदन उपर बिमला तामाङ सहित ४ जनाको रु.८,५८५।- र दिपक भण्डारी सहित ४ जनाको रु.४,७६०।- को असुल भई पेश भएको आधारमा मिति २०८०।१२।११ को निर्णयबाट रु.१३,३४५।- सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,३३५ |

२१ **राजस्व आम्दानी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ मा प्रचलित कानुन बमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा अन्य सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन तथा सोही दिन सम्भव नभए सोको भोलिपल्ट प्रचलित ढाँचामा लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले आन्तरिक आम्दानी संकलनको लागी साङग्रीला सफ्टवेयरको प्रयोग गरेको छ । लेखापरीक्षणको समयमा पालिकाले उपलब्ध गराएको विवरण अनुसार पालिकाका विभिन्न वडाहरुबाट प्राप्त गरेको आम्दानीको अवस्था निम्नानुसार *छः*

| वडा नं. | रकम |
|---|---|
| १ | १०६८८७५ |
| २ | १८१७४५६ |
| ३ | १६७७५७५ |
| ४ | १०५७९९७ |
| ५ | १५१५२६९ |
| ६ | २७०२४१५ |
| ७ | १८९१७६९ |
| ८ | १२७८०९५ |
| ९ | ८६५६०५ |
| १० | ११७२३५ |
| ११ | ६४८०० |
| **जम्माः** | **१४०५७०९१** |

## २२ जे.सी.वि. र ग्रेडर आम्दानी

२२.१ पालिकाले आफ्नो नाममा रहेको मेशिनहरुको उपयोग तथा दीगो व्यवस्थापनको लागि कार्यविधि तयार गरी व्यवस्थित तरिकाले सञ्चालन गर्नुपर्दछ। पालिकाले खरिद गरेको जे.सी.वि. र एक ग्रेडर सञ्चालनमा रहेको छ । ती साधनहरु पालिकाको कार्यमा र समय समयमा अन्यत्र भाडामा समेत प्रयोग हुने गरेको भए तापनि पालिकाले सञ्चालन सम्बन्धी व्यवस्थित अभिलेख राखी आम्दानी असुल गरेको छैन । पालिकाले जे.सि.वि. को लागि प्रति घण्टा रू.२८००।- र ग्रेडरको उपभोक्ता समितिलाईलागि प्रतिघण्टा रु. ५,०००।- र अन्यत्र प्रयोग भएका रू.६०००।- भाडा दर निर्धारण गरेको छ। यो वर्ष लेखापरीक्षणको क्रममा जे.सी.वि. र ग्रेडर गरी जम्मा रु.२३,४१,२१६।- आम्दानी गरेकोमा इन्धन, मर्मत, पारिश्रमिक लगायतमा रू.३४,१७,३२१।०६ खर्च गरेको छ । मेशिन सञ्चालन भएको समय, ईन्धन खर्च खुल्ने लगसिट तथा आम्दानीको व्यवस्थित अभिलेख राख्ने नगरेबाट यी साधनहरुको सञ्चालन आय तथा व्यय अवस्था यकिन गर्न सक्ने अवस्था रहेन । कार्यालयले उपलब्ध मेशिनरीको अधिकतम प्रयोग गर्ने एवम् सरकारी रकम लगानीको उचित प्रतिफल प्राप्त हुने गरी प्रयोग गर्न जरुरी छ।

२२.२ जे.सी.वि. र ग्रेडरको विवरण माग गरी परीक्षण गर्दा देहाय अनुसार व्यक्ति तथा व्यवसायीहरुलाई जे.सी.वि. र ग्रेडर उपलब्ध गराएकोमा भाडा असुल गरेको नदेखिएकोले असुल गर्नुपर्ने रु.

| सि.नं. | प्रयोगकर्ता | योजनाको नाम | साधन | समय | प्राप्त हुनुपर्ने भाडा रकम |
|---|---|---|---|---|---|
| १ | निरोज श्रेष्ठ | सरकोट टाँडी खेल मैदान | जे.सि.वि. | १२ | ३२४८० |
| २ | गुणराज बस्नेत | ग्रेबल बाटो सम्याउने काम | ग्रेडर | ३ | १७४०० |
| **जम्मा** | | | | | **४९८८०** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४९,८८० |

## २३ ठेक्का अभिलेख

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सबै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ ।

## २४ ठेक्का व्यवस्थापन

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिश्पर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वयन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा ०.३१ देखि २५.४८ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो । पालिकाको

स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

| ठेक्का नं. | योजनाको नाम | निर्माण व्यवसायीको नाम | लागत अनुमान | सम्झौता रकम | फरक प्रतिशत |
|---|---|---|---|---|---|
| १ | कालिका नगरपालिका वडा नं २ र ४ सिमाना बाटो पदमपुर सामुदाहिक बन सिमाना सम्मको बाटोसडक कालोपत्रे | ग्रान्ड इन्फ्रास्ट्रक्चर नेपाल प्रा. लिमिटेड | ३००४२९९३.७९ | २४४४८९०५.४१ | -१८.६२ |
| २ | दोगरा पुल देखी ११ नम्बर वडा कार्यालय सम्म कालोपत्रे सडक निर्माण | डी. एण्ड बि कन्स्ट्रक्सन, भरतपुर, चितवन | १९५९९६९२.३४ | १५८३१५४३.७६ | -१९.२३ |
| ३ | भीमोदय मा. बि. भवन निर्माण कालिका ५ | गोरखनाथ इन्जिनीरिंग कन्स्ट्रक्सन प्रा. लि. | ११०९१३५३.९६ | ८२६५५८८.४५ | -२५.४८ |
| ४ | खोलेसिमल बजार देखी कमल चोक हुदै क्लब चोक सम्म सडक छेऊ किनारा मोजाइक टाइल बिछ्याउने कालिका ६ | विराट बिल्डर्स एण्ड इक्विपमेन्ट प्रा. लिमिटेड, बेलचोक, चितवन, नेपाल | ३१३८७१४२.४१ | २८४२६६८७.८६ | -९.४३ |
| ५ | बिभिन्न बाटो निर्माण कालिका २, चितवन | नव यु निर्माण सेवा जुटपानी कालिका | १२३३०१६४.२४ | ९७०४५३३.८८ | -२१.२९ |
| ६ | बिभिन्न बाटो निर्माण कालिका ४, चितवन | सिराईचुली निर्माण सेवा गोरखा | ११८८७४३०.५० | ११४६३१८१.१३ | -३.५७ |
| ७ | मिलनचोक देखी दक्षिण २ नम्बर सम्म कालोपत्रे - क्लिक ०३ | सिराईचुली निर्माण सेवा गोरखा | ३२६१८२१.५९ | ३०२४१५४.३५ | -७.२९ |
| ८ | बाटो निर्माण कालिका ५, चितवन | रण निर्माण सेवा रत्ननगर चितवन | ७००५७७९.८० | ६४९५०१२.८७ | -७.२९ |
| ९ | तोयानाथ लामिछानेको घर देखि पाखिन टोल सम्म बाटो निर्माण कालिका ६ | नव यु निर्माण सेवा जुटपानी कालिका | २५००३६३.८३ | २३७७३४१.४८ | -४.९२ |
| १० | श्री माध्यामिक विद्यालय रेडक्रसग्राम ४ कोठे स्कुल भवन निर्माण कालिका ६ | ड्रिम लाईन कन्स्ट्रक्सन प्रा. लि | ३६५२०२९.०२ | २८५६१४७.६३ | -२१.७९ |
| ११ | भवन निर्माण "बलरामपुरको आधारभूत स्वास्थ्य केन्द्र को भवन निर्माण" (पहिलो र दोस्रो तलाको विस्तार) | साईरिस इन्जिनियरिङ र कन्स्ट्रक्सन, | ४०५४१०९.३२ | ३४०५४८१.५६ | -१६.०० |
| १२ | आधारभूत विद्यालय बनकट्टा विद्यालय भवन निर्माण | नव यु निर्माण सेवा जुटपानी कालिका | ३२३३०४१.१० | २९१६१९५.७१ | -९.८० |

| | | | | | |
|---|---|---|---|---|---|
| १३ | भवन निर्माण "राष्ट्रिय आधारभूत विद्यालय लतौली" (जमिन, पहिलो र दोस्रो तलाको संरचनात्मक कार्य) | डिभाइन इन्जिनियरिङ एण्ड कन्स्ट्रक्सन प्रा. लि | ४५०५९८३.४० | ४४०८७९०.७५ | -२.१६ |
| १४ | न्युरेनी बाटा खैरहनी जोड्ने बाटो र पुरानो बाटो ड्राइभर डाँडा हुदै अगीनगरे जानी बाटो स्तरोन्नति तथा कल्भर्ट निर्माण | डिभाइन इन्जिनियरिङ एण्ड कन्स्ट्रक्सन प्रा. लि. | ४६००४३४.६८ | ४५८६२०२.६० | -०.३१ |
| १५ | गैडा खोला हुदै क्लब चोक सम्म र टंकबहादुर भण्डारीको घर देखि सालघारी चोक सम्म सडक नाला निर्माण | जिआरएम कन्स्ट्रक्सन प्रालि | ४२२३७९६.१२ | ३५२९३६६.४७ | -१६.४४ |
| १६ | समीपुर विद्यालय देखी गुम्बा सम्म पक्की नाला निर्माण वडा नं २ तर्फ नाला निर्माण कालिका नगरपालिका वडा नम्बर २, चितवन, नेपाल | डिभाइन इन्जिनियरिङ एण्ड कन्स्ट्रक्सन प्रा. लि. | ५७९४७५३.५३ | ५०२३९२७.०८ | -१३.३० |
| १७ | बिभिन्न सडक मर्मत कालिका , चितवन | जय भगवती निर्माण सेवा खैरहनी चितवन | ८६४७६८५.०९ | ८३००४६४.८८ | -४.०२ |
| १८ | कालिका नगरपालिका नगर कार्यपालिकाको वडा नं ६ स्थित प्रमुख प्रशासकिय भवन क्षेत्र भित्र पूर्वाधार निर्माण | जिआरएम कन्स्ट्रक्सन प्रालि | ७६६४५९६.९८ | ६७३३११५.६० | -१२.१५ |

## २५ दोहोरो भुक्तानी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) बमोजिम सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसार कर्मचारी तथा पदाधिकारीलाई भौ.नं. ३५३।२०८०।३।२२ बाट कोभिड १९ खोप कार्यक्रमको अनुगमन(२०८०।३।३ देखि ३।७), भौ.नं. ३१७।२०८०।३।१८ बाट *ANC To PNC Continuum* कार्यक्रम(२०८०।३।३ र ४), भौ.नं. ३४४।२०८०।३।२२ बाट पाठेघरको क्यान्सर सम्बन्धी क्याम्प अनुगमन (२०८०।३।१३, १६ र १७) र भौ.नं. ३५३।२०८०।३।१ बाट *PNH Onsite Coaching* कार्यक्रम(२०८०।२।११, १२, १३, १४, १५ र १६) बाट दोहोरो हुने गरी भुक्तानी दिएकोले असुल गर्नुपर्ने रु.

| सि.नं. | कर्मचारीको नाम | दोहोरो भुक्तानी(कर बाहेक) |
|---|---|---|
| १ | बिजय पाण्डे | १४४५ |

***(प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०८०।१२।११ को निर्णयबाट रु.११,८३५।- सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,४४५ |

## २६ धरौटी

२६.१ सार्वजनिक खरीद नियमावली, २०६४ को नियम १२४(२) बमोजिम रिटेन्सन मनिको रकम सम्बन्धित आपुर्तिकर्ता, निर्माण व्यवसायी वा सेवा प्रदायकले सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण कागजात पेश गरे पछि फिर्ता गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका निर्माण व्यवसायीहरुलाई धरौटी रु.९,१८,८७७।- फिर्ता गर्दा कर समायोजन पेश नगरेकोले सो पेश गर्नुपर्ने रु.

| भौ.नं. र मिती | निर्माण व्यवसायीको नाम | पान नं. | रकम |
|---|---|---|---|
| ६।२०७९।५।९ | नेपाल पुर्वाधार कन्स्ट्रकसन एण्ड सप्लायर्स प्रा. ली | ६०४३४८९६० | ७९४७६२ |
| १८।२०७९।६।९ | फिनिक्स टेक्नोलोजि प्रा.लि | ६०४३४५६३३ | १२४११५ |
| जम्माः | | | ९१८८७७ |

| प्रमाण पेश नगरेको | ९,१८,८७७ |
|---|---|

२६.२ सार्वजनिक खरीद नियमावली, २०६४ को नियम १२४(२) बमोजिम रिटेन्सन मनिको रकम सम्बन्धित आपुर्तिकर्ता, निर्माण व्यवसायी वा सेवा प्रदायकले सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण कागजात पेश गरे पछि फिर्ता गर्नुपर्ने व्यवस्था छ । साथै नियम १२४(२क१) मा उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि निर्माण कार्यको कम्तीमा असी प्रतिशत काम सम्पन्न गरेको, सम्झौता बमोजिमको कार्य सन्तोषजनक रुपमा भई चालु अवस्थामा रहेको र निर्धारित समयमा काम सम्पन्न हुने सुनिश्चित भएको खरिद सम्झौताको हकमा नियम १२३ बमोजिम राखिएको रिटेन्सन मनी बापत बैङ्क जमानत पेश गरी रिटेन्सन मनि फिर्ताको माग गरेमा त्यस्तो रिटेन्सन मनि फिर्ता दिन सकिनेछ । यसरी रिटेन्सन मनि फिर्ताको लागि पेश गरिने बैङ्क जमानतको म्याद त्रुटि सच्चाउने अवधिभन्दा कम्तीमा एक महिना बढि अवधिको हुनुपर्ने व्यवस्था छ । पालिकाले देहायका निर्माण व्यवसायीहरुलाई धरौटी रु.२८,३२,६५९।०६ फिर्ता गरेकोमा कम्तीमा असी प्रतिशत काम सम्पन्न गरेको, निर्धारित समयमा काम सम्पन्न हुने सुनिश्चित भएको आधार नलिई त्रुटि सच्चाउने अवधि(*DLP)* सम्मको बैंक ग्यारेण्टीका आधारमा फिर्ता गरेकोले कर समायोजन गरे नगरेको एकिन गर्न नसकिने हुदाँ बैंक ग्यारेण्टी फुकुवा गर्दा अनिवार्य रुपमा कर समायोजन पेश गरेर मात्र फुकुवा गर्नुपर्दछ ।

| भौ. नं. र मिती | निर्माण व्यवसायीको नाम | पान नं. | रकम |
|---|---|---|---|
| ९।२०७९।५।१८ | पाण्डे कन्स्ट्रकसन | ६०६९१८१५८ | १३१७०४ |
| १०।२०७९।५।१८ | पाण्डे कन्स्ट्रकसन | ६०६९१८१५८ | ११०२४२ |
| २५।२०७९।६।१४ | पाण्डे कन्स्ट्रकसन | ६०६९१८१५८ | १०८६७७ |
| २६।२०७९।६।१४ | पाण्डे कन्स्ट्रकसन | ६०६९१८१५८ | १६२४३५ |
| २७।२०७९।६।१४ | पाण्डे कन्स्ट्रकसन | ६०६९१८१५८ | ११५२३३ |
| १३।२०७९।५।१८ | डि एण्ड जी कन्सट्रकंसन | ३००१५२८६५ | ५३८२४३.९ |
| ३१।२०७९।६।३० | पि.के निर्माण सेवा | ६०२३९०२९३ | ४५८७८६.९५ |
| ४४।२०७९।१०।३ | शिवशक्ति रोयल जे.भी | ६०४७९१५४८ | ६९१५३३.८१ |
| ४८।२०७९।१०।१५ | शिवशक्ति रोयल जे.भी | ६०४७९१५४८ | ३५३६०३.०५ |
| ८४।२०८०।२।२८ | सिराईचुलि निर्माण सेवा | ६०६०४००८२ | १६२२००.३५ |

| जम्माः | २८३२६५९ |
|---|---|

२६.३ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) बमोजिम सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले भौ.नं. २८।२०७९।६।१४ बाट डि.एण्ड.जी. कन्स्ट्रक्सनलाई फिर्ता गर्नुपर्ने रु.२,७८,०००।- धरौटी पाण्डे कन्स्ट्रक्सनलाई भुक्तानी गरेकोले सो कन्स्ट्रक्सनबाट फिर्ता गरी धरौटी खातामा दाखिला गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | २,७८,००० |
|---|---|

## २७ पेस्की बाँकी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फर्स्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले गत विगतदेखि निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फर्स्यौट नभई रु.३,४३,८६,०४१।- बाँकी रहेको देखिन्छ । सो मध्ये यो वर्ष कुल पेस्की १,५२,३१,९०८।— बाँकी रहेकोमा म्याद ननाघेको रू.६४,२७,८६२।- र निम्नानुसारको म्याद नाघेको पेश्की रु.८८,०४,०४६।- फर्स्यौट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फर्स्यौट गर्नुपर्ने रु.

| सि.नं. | पेश्की लिने व्यक्ति, फर्म र कम्पनीको नाम | चालु आ. व. | | गत आ. सम्मको | | जम्मा बाँकी पेश्की | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | म्याद ननाघेको | म्याद नाघेको | म्याद ननाघेको | म्याद नाघेको | म्याद ननाघेको | म्याद नाघेको | |
| १ | कर्मचारी | | | | | | | |
| १ | सर्मिला बस्याल | ० | ७०००० | ० | ० | ० | ७०००० | ७०००० |
| २ | **ठेकेदार** | | | | | | | |
| १ | ड्रागन - रेगन जे.भी. | ० | ० | १९७४७२० | ० | १९७४७२० | ० | १९७४७२० |
| २ | अर्भान कन्स्ट्रक्सन प्रा.लि | ० | ० | ३०८००० | ० | ३०८००० | ० | ३०८००० |
| ३ | अर्भान कन्स्ट्रक्सन प्रा.लि | ० | ० | १८०००० | ० | १८०००० | ० | १८०००० |
| ४ | आर.एस.निर्माण सेवा | ० | ० | ४६०००० | ० | ४६०००० | ० | ४६०००० |
| ५ | आर.एस.निर्माण सेवा | ० | ० | ३००००० | ० | ३००००० | ० | ३००००० |
| ६ | आर.एस.निर्माण सेवा | ० | ० | ५४०००० | ० | ५४०००० | ० | ५४०००० |
| ७ | ड्रागन - रेगन जे. भी. | ० | ० | ५०००००० | ० | ५०००००० | ० | ५०००००० |
| ८ | प्रशंशा कन्स्ट्रक्शन | ० | ० | ५९२००० | ० | ५९२००० | ० | ५९२००० |
| ९ | प्रसाद । मा दुर्गा जे.भी. | ० | ० | १५०००० | ० | १५०००० | ० | १५०००० |
| १० | पाण्डे कन्स्ट्रक्सन | ० | ० | ५५०००० | ० | ५५०००० | ० | ५५०००० |
| ११ | पाण्डे कन्स्ट्रक्सन | ० | ० | ५५०००० | ० | ५५०००० | ० | ५५०००० |
| १२ | रविना कन्स्ट्रक्सन प्रा. ली. | ० | ० | ७३४२००० | ० | ७३४२००० | ० | ७३४२००० |
| १३ | ड्रागन - रेगन जे. भी. | ८२५२८० | ० | ० | ० | ८२५२८० | ० | ८२५२८० |
| १४ | डि.एन.वि. कन्स्ट्रक्सन | १३७००००० | ० | ० | ० | १३७००००० | ० | १३७००००० |
| १५ | सिराइचुली निर्माण सेवा | २६३२०० | ० | ० | ० | २६३२०० | ० | २६३२०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १६ | सिराइचुली निर्माण सेवा | १००५५९१ | ० | ० | ० | १००५५९१ | ० | १००५५९१ |
| १७ | जय भगवती निर्माण सेवा | ७३०००० | ० | ० | ० | ७३०००० | ० | ७३०००० |
| १८ | सिराइचुली निर्माण सेवा | २६३२०० | ० | ० | ० | २६३२०० | ० | २६३२०० |
| १९ | सिराईचुलि निर्माण सेवा | ८००५९१ | ० | ० | ० | ८००५९१ | ० | ८००५९१ |
| २० | जि.आर.एम.कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि | ५८५००० | ० | ० | ० | ५८५००० | ० | ५८५००० |
| २१ | जि.आर.एम.कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि | ५८५००० | ० | ० | ० | ५८५००० | ० | ५८५००० |
| ३ | **संस्थागत** | | | | | | | |
| १ | कालिका नगर अस्पताल | ० | ३०००० | ० | ० | ० | ३०००० | ३०००० |
| २ | पदमपुर स्वास्थ्य चौकी | ० | ३०००० | ० | ० | ० | ३०००० | ३०००० |
| ३ | शक्तिखोर स्वास्थ्य चौकी | ० | ३०००० | ० | ० | ० | ३०००० | ३०००० |
| ४ | सिद्धि स्वास्थ्य चौकी | ० | ३०००० | ० | ० | ० | ३०००० | ३०००० |
| ५ | कालिका नगर अस्पताल | ० | ५०००० | ० | ० | ० | ५०००० | ५०००० |
| ६ | पदमपुर स्वास्थ्य चौकी | ० | ५०००० | ० | ० | ० | ५०००० | ५०००० |
| ७ | शक्तिखोर स्वास्थ्य चौकी | ० | ५०००० | ० | ० | ० | ५०००० | ५०००० |
| ८ | सिद्धि स्वास्थ्य चौकी | ० | ५०००० | ० | ० | ० | ५०००० | ५०००० |
| ९ | सिद्धि स्वास्थ्य चौकी | ० | १११३५० | ० | ० | ० | १११३५० | १११३५० |
| १० | जमुनापुर माध्यामिक विद्यालय कालिका न.पा ६ चितवन | ० | २०००००० | ० | ० | ० | २०००००० | २०००००० |
| ११ | श्री माध्यमिक विद्यालय रेडक्रसग्राम | ० | २०००००० | ० | ० | ० | २०००००० | २०००००० |
| १२ | कन्चन दुग्घ उत्पादक सहकारी संस्था लि. | ० | १६३३२१ | ० | ० | ० | १६३३२१ | १६३३२१ |
| १३ | पदमपुर दुग्ध उत्पादक सहकारी संस्था लि. | ० | ८४८९०० | ० | ० | ० | ८४८९०० | ८४८९०० |
| १४ | भटेनी दुग्ध उत्पादक सहकारी संस्था लि. | ० | १३९९८० | ० | ० | ० | १३९९८० | १३९९८० |
| १५ | श्री उत्थान दुग्ध उत्पादक सहकारी संस्था लि. | ० | ५३६३२३ | ० | ० | ० | ५३६३२३ | ५३६३२३ |
| १६ | श्री नव मिलिजुली दुग्ध उत्पादक सहकारी संस्था लि. | ० | ४८०३१० | ० | ० | ० | ४८०३१० | ४८०३१० |
| १७ | श्री मनकामना दुग्ध उत्पादक सहकारी संस्था लि | ० | १०६८१७९ | ० | ० | ० | १०६८१७९ | १०६८१७९ |
| १८ | श्री सामुदायिक दुग्ध उत्पादक सहकारी संस्था लि. | ० | १७३६८३ | ० | ० | ० | १७३६८३ | १७३६८३ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १९ | जमुनापुर माध्यामिक विद्यालय कालिका न.पा ६ चितवन | ० | ४४६००० | ० | ० | ० | ४४६००० | ४४६००० |
| २० | श्री माध्यमिक विद्यालय रेडक्रसग्राम | ० | ४४६००० | ० | ० | ० | ४४६००० | ४४६००० |
| ४ | **उपभोक्ता समिति** | | | | | | | |
| १ | सिद्धि गा.वि.स मार्फतको उ.स. | ० | ० | ९१३४१३ | ० | ९१३४१३ | ० | ९१३४१३ |
| २ | डल्ली माया प्रजा | ० | ० | २९४००० | ० | २९४००० | ० | २९४००० |
| | **कुल जम्मा** | ६४२७८६२ | ८८०४०४६ | १९१५४१३३ | ० | २५५८१९९५ | ८८०४०४६ | ३४३८६०४१ |

| | |
|---|---|
| पेश्की | ८८,०४,०४६ |

## २८ आर्थिक सहायत

स्थानीय सरकार संचलन ऐन,२०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थालाई अनुदान वितरण गर्न नहुने व्यबस्था उल्लेख छ। पालिकाले यस बर्ष व्यक्ती तथा संस्थालाई विविध सहायता शिर्षक बाट रु १२ लाख ५४ हजार आर्थिक सहायता वितरण गरेको देखियो। आर्थिक सहायता वितरण गर्ने कार्यमा मितव्ययीता कायम गर्नु पर्दछ।

## २९ अग्रिम कर

२९.१ आय कर ऐन,२०५८ अनुसार भुक्तानीमा १.५ प्रतिशतका दरमा अग्रिम कर कट्टा गर्नु पर्ने व्यबस्था उल्लेख छ। पालिकाले १२०२ मिति २०८०।१।२५ मा वडा नं ८ का ४ वटा विद्यालयहरुलाई वाल विकास शिक्षा व्यबस्थापन संग सम्बन्धित सामाग्रीहरु दराज, स्मार्ट टिभी, कुर्सी लगायतका सामाग्री खरिद गरी विल विजक संलग्न राखी प्रति विद्यालय १ लाखका दरमा भुक्तानी गरेकोमा अग्रिम कर कट्टी नगरी भुक्तानी गरेको देखियो। तसर्थ कट्टा नभएको अग्रिम कर दाखिला हुनु पर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,००० |

२९.२ आयकर ऐन,२०५८ को दफा ८८ मा परामर्शदातालाई रकम भुक्तानी गर्दा १५ प्रतिशतका दरले अग्रिम कर कट्टा गर्नु पर्ने व्यबस्था उल्लेख छ। पालिकाले निम्न अनुसारको भौचर नं र मितिमा भुक्तानी भएको परामर्शदाताहरुको भुक्तानीमा घटी कर कट्टा गरेको देखियो। भुक्तानी रकमको नपुग कर रकम संघीय संचित कोषमा दाखिला गर्नु पर्ने रु.

| भौ.नं र मिति | विबरण | भुक्तानी पाउने | कट्टा भएको | नपुग कर |
|---|---|---|---|---|
| १४६१,३।१ | दुर्व्यबसनी तथा लागु औषध नियन्त्रणका लागि १ दिने तालिम संचालन खर्च रु ७००००। | महिला शसक्तीकरण तथा परीवर्तनशील संस्था नेपाल | २६४४ | ७८५६ |
| १६४५,३।२२ | सडक दुर्घटना घरेलु हिंसा लागु औषध तथा जनचेतनामुलक तालिम संचालन खर्च २४८३६०। | नेपाल रेडक्रश सोसाईटी उपशाखा | १४९३१ | २२३२३ |
| **जम्मा** | | | | **३०१७९** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३०,१७९ |

## ३० विद्युत महशुल

*............ (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।१५ को निर्णयबाट रु.१,५०,०००।- सम्परीक्षण गरिएको ।)*

## ३१ उपमेयरसँग बालबालिका कार्यक्रम

पालिकाले भौचर नं १६९४ मिति २०८०।३।२४ मा आमा विहिन बालबालिकाका लागि ८० पानाको ३४२६ थान र ६० पानाको २९२६ थान गरी कुल ६३५२ थान कापी खरिदका लागि हिमाल कापी उद्योगसंग २०८०।२।३० मा सम्झौता गरी रु ५,४१,१५७।को कापी खरीद गरी जिन्सी गरेको देखियो।पालिकाले लक्ष्यित कार्यक्रम कार्यान्वयनमा कुन समयमा कुन कार्यक्रम सम्पन्न गराउने भन्ने कार्ययोजना बेगर विद्यालयको शैक्षिक शत्र सुरु भएको धेरै समय पछि कापी खरिद भएको र लेखापरीक्षणको अवधिसम्म पनि खरिद भएका कापीहरु विद्यालयमा हस्तान्तरण वा विद्यार्थीलाई वितरण नभई मौज्दात रहेको छ।यसरी आमा विहीन बालबालिकाको यकिन नगरी खरिद कार्यका लागि मात्र शैक्षिक सामाग्री खरिद गर्ने कार्यमा नियन्त्रण हुनु पर्दछ र मौज्दात सामाग्री वितरण गर्नु पर्दछ।

## ३२ बैठक भत्ता

अर्थ मन्त्रालयको कार्यसंचालन निर्देशिका,२०७७ को आठौं संशोधन २०७९ को बुँदा नं ७.१.१५ मा बैठक भत्ता भुक्तानी गर्दा बैठकको विषय बस्तु र गम्भीरताको यकिन गरेर कानुन अनुसार गठन भएको समितिका लागि मात्र बैठक भत्ता दिन मिल्ने,कार्यालय समयमा बसेको बैठकको भत्ता लिन नमल्ने, आमन्त्रित सदस्यमा समितिको संख्याको पच्चीस प्रतिशतले हुन आउने संख्या मात्र राख्नु पर्ने लयातका व्यबस्था उल्लेख छ। बैठक भत्ताको केही भौचर परीक्षणमा लेखा समितिको बैठक, विपद् व्यबस्थापन समितिको बैठक, मुल्यांकन समितिको बैठक तथा विभिन्न विषयगत शिर्षकको बैठक विहान, बेलुकाको समय र बैठकको समय समेत नखुलाई बैठक बसेको र आमन्त्रितको संख्या तोकिएको भन्दा बढी संख्यामा राखी भत्ता खर्च लेखेको छ।प्रायः बैठकको बैठक बसेको समय नखुलाई बैठक सम्पन्न भएको देखिन्छ।तसर्थ आवश्यकताको आधारमा भन्दा पनि भत्ता प्रयोजनको लागि बैठक बस्ने कार्यमा सुधार गरी बैठकको बिषय बस्तु र गम्भीरताको आधारमा बैठक बसी तोकिएको मापदढण्डको पालना गरी मितव्ययी रुपमा बैठक खर्च भुक्तानी गर्नु पर्दछ।बैठक भत्ता भुक्तानीका केही उदाहरण निम्न बमोजिम रहेको छ।

| भौचर नं र मिति | बैठक | विबरण | भत्ता रकम |
|---|---|---|---|
| १६४२, ३।२२ | स्थानीय पाठ्य पुस्तक लेखन कार्यदलका बैठक | बैठकको समय नखुलेको ७ सदस्यीय समितिमा ७ आमन्त्रित संख्या उल्लेख गरी ११ बैठकको भत्ता भुक्तानी | १८४००० |
| ८५८, ११।१६ | पुर्वाधार विकास समितिको बैठक | समितिमा ४ जना रहेकोमा ७ देखि १६ जनासम्म आमन्त्रितको संख्या उल्लेख गरी १० बैठकको भत्ता भुक्तानीमा बैठकको समय नखुलेको । | १२२००० |

| | | | |
|---|---|---|---|
| ५४९, ९।१२ | पदपूर्ति समितिको बैठक | १६ वटा बैठक भत्ता भुक्तानीमा ८।१७ मा दिनमा ३ वटा बैठक भत्ता भुक्तानी | १३७५०० |
| ४२०, ८।१८ | मुल्यांकन समितिको बैठक | ५ सदस्यीय समितिमा ३।३१ मा आमन्त्रितको संख्या १२ र ४।५ मा आमन्त्रितको संख्या १३ उल्लेख गरी ७ बैठकको भत्ता भुक्तानी | १०७००० |

## ३३ बीमा

बागमती प्रदेश अन्तर्गत स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधाका सम्बन्धमा व्यबस्था गर्न बनेको ऐन,२०७५ को पहिलो संशोधन समेतको दफा ३ (क)१ मा स्थानीय तहका पदाधिकारीहरुले अनुसुची १ मा उल्लेख भएका सुविधा मात्र पाउने उल्लेख छ।जस अनुसार पदाधिकारीहरुको स्वास्थ्य बीमा बापतको रकम खर्च लेख्न मिल्ने देखिदैन।त्यसै गरी कर्मचारीलाई निजामती सेवा ऐनले सावधिक जिवन बीमाको सुविधा उपलब्ध गराए पश्चात थप सुविधा भुक्तानी गर्न मिल्दैन।पालिकाले भौचर नं ९७५ र १५५० बाट मिति २०७९।११।४ को बीमा समितिको बैठकको निर्णय अनुसार १६४ जना जनप्रतिनिधि र कर्मचारीहरुको बीमांक रकम १० लाखको दुर्घटना बीमा बापत रकम राष्ट्रिय बीमा कम्पनी लि लाई रु २४०७००।भुक्तानी गरेको छ।साथै पालिकाले भौचर नं ८७० बाट जनप्रतिनिधि र कर्मचारी बाहेक २७७ जना पत्रकारहरुको समेत पत्रकार दुर्घटना बीमाको रकम रु ३०००००।खर्च भुक्तानी गरेको छ।यसरी ऐन तथा नियममा नभएको सुविधा भुक्तानी नियम सम्मत नभएको रु.

| | |
|---|---|
| अनियमित भएको | ५,४०,७०० |

## ३४ करार कर्मचारी

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ८३ (८) मा पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, ईलेक्ट्रिसियन, चौकीदार, माली र सरसफाई सम्बन्धि पदमा मात्र प्रतिस्पर्धाको आधारमा सेवा करारमा लिनु पर्ने व्यबस्था उल्लेख छ।साथै स्थानीय सेवा गठन तथा संचालन ऐन,२०७९ को दफा ९(१४) मा कम्प्यूटर अपरेटर, सवारी चालक, कार्यालय सहयोगी र चौकीदार को लागि दरबन्दी भित्र रही व्यक्तीसंग करार गरी सेवा करारमा र ईलेक्ट्रीसियन, प्लम्बर र यस्तै काम गर्ने अन्य पदका दरबन्दीभित्र नपर्ने पदमा संस्थासंग करार गरी सेवा सम्पादन गराउन सकिने व्यहोरा उल्लेख छ।सो बिपरीत पालिकाले अधिकृत छैटौं, सव ईन्जिनियर, सहायक पाँचौं, सहायक चौथो, कम्प्यूटर अपररेटर,अमिन,कार्यालय सहायक लगायतका विभिन्न पदहरुमा गरी ८९ जना (स्वास्थ्य करार समेत) का कर्मचारीहरु करार सेवामा राखी करार कर्मचारी पारीश्रमिक १ करोड ६५ लाख ४४ हजार खर्च भुक्तानी गरेको छ ।ऐनले तोकेको पदहरुमा मात्र प्रतिस्पर्धाको आधारमा स्वीकृत दरबन्दी भित्र रही करार सेवा लिनु पर्दछ ।

## ३५ अनुदान कार्यक्रम

पालिकाले कृषि तथा पशु कार्यक्रमा यस बर्ष पालिका तर्फको मात्र रु १ करोड ०६ लाख कुल अनुदान खर्च गरेकोमा कृषि, पशु,टनेल निर्माण तथा कृषि वजार प्रबर्द्धन, दुग्ध उत्पादनमा कृषकलाई अनुदान, विभिन्न कृषि पकेट कार्यक्रम,कृषि सामाग्री खरिद पशुपालक कृषि अनुदानमा दिएको निम्न बमोजिमको अनुदान रमकको पालिकाबाट सही सदुपयोग भए नभएको तथा सोबाट प्राप्त उपलब्धी मापन गरेको छैन।पालिकाले अनुदान कार्यको सम्झौतामा उल्लेखित भएको लागत साझेदारीको रकमको साजेदारीमा बील रकमलाई मात्र

आधारमानी अनुदान प्रतिशत भुक्तानी गरेको देखियो। कृषकको प्रत्यक्ष लागत साझेदारी नदेखिएकोले अनुदान कार्यक्रम प्रभावकारी र मितव्ययी छ भन्न सकिने आधार भएन। साथै अनुदान सम्बन्धमा स्पष्ट स्थानीय अनुदान नीति तथा कार्यविधि नबनाई भुक्तानी भएको देखियो। तसर्थ पालिकाले संघ, प्रदेश तथा स्थानीय तह र वडा मार्फत वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी स्पष्ट कार्यविधि बनाई आवश्यकता अनुसार प्राविधिक मुल्यांकन गरेर मात्र दिनु पर्दछ। पालिका अनुदान कार्यका केही उदाहरण यस प्रकार रहेको छ।

| कार्यक्रमको नाम | खर्च रकम | कैफियत |
|---|---|---|
| कृषि कार्यक्रमः<br>मल्चीङ प्लास्टिक वितरण | ४९८०७६ | ५० प्रतिशत अनुदान उल्लेख पालिका स्रोत |
| मागमा आधारीत कार्यक्रम केरा खेती | ४४२१७५ | ५० प्रतिशत अनुदान उल्लेख पालिका स्रोत |
| साना तथा मझौला सिंचाई आयोजना निर्माण अनुदान | १००४७५९ | ८५ प्रतिशत अनुदान उल्लेख पालिका स्रोत |
| सामुहिक खेती गर्ने कृषकलाई अनुदान कार्यक्रम | १५०००० | ५० प्रतिशत अनुदान उल्लेख पालिका स्रोत |
| पुष्प व्याबसाय र नविनतम् कृषि औजार सामाग्री | ६१२४३४ | ५० प्रतिशत अनुदान उल्लेख पालिका स्रोत |
| पशु कार्यक्रमः<br>च्यापकटर लगायत मेसिन वितरण | ३२५६०० | ८० प्रतिशत अनुदान उल्लेख पालिका स्रोत |
| दुग्ध उत्पादन र विविधिकरण | ३९२९६९१ | १०० र ८० प्रतिशत अनुदान उल्लेख पालिका स्रोत |
| गोठ सुधार र काउम्याट वितरण कार्यक्रम | २०१९२९९ | ७० प्रतिशत अनुदान उल्लेख पालिका स्रोत |

### ३६ इन्धन

बागमती प्रदेश अन्तर्गत स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधाका सम्बन्धमा व्यबस्था गर्न बनेको ऐन,२०७५ पहिलो संशोधन समेतको दफा ३ (क) १ मा स्थानीय तहको पदाधिकारी ले अनुसूचि १ (क) मा उल्लेख भए अनुसारको मासिक ईन्धन १०० लिटर उपलब्ध गराउन मिल्ने व्यबस्था उल्लेख छ। पालिका बाट प्राप्त विबरण अनुसार यस बर्ष नगर प्रमुखका लागि बार्षिक ईन्धन ३५५७ लिटर र उप प्रमुखका लागि ३०६५ लिटर ईन्धन खर्च भुक्तानी भएको छ। जस अनुसार नगर प्रमुखका लागि २३७५ लिटर र उपप्रमुखका लागि १८६५ लिटर बढी ईन्धन भुक्तानी भएको देखिन्छ। पालिकाले प्रदेश कानूनले तोके भन्दा बढी ईन्धन भुक्तानी सम्बन्धमा गत विगत बर्षहरुमा समेत बेरुजु औंल्याएकोमा यस बर्षमा पनि सुधार गरेको देखिएन। तसर्थ तोकेको सेवा सुविधा भुक्तानीमा ऐन तथा नियम अनुसार भुक्तानी गर्नु पर्दछ।

### ३७ नाफामुलक संस्थालाई भुक्तानी

स्थानीय सरकार संचालन ऐन,२०७४ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ प्रदेश तथा स्थानीय सरकारको रकम पुर्वाधार विकास तथा दीर्घकालिन पुजी निर्माण हुने कार्यमा खर्च गर्नु पर्ने व्यबस्था उल्लेख छ। पालिकाले नाफा कमाउँने उद्धेश्यले स्थापित संस्थाहरुलाई निम्न भौचर नं बाट अनुदान भुक्तानी गरेको देखियो। नाफामुलक संस्थालाई भुक्तानी भएको अनुदान खर्च रकम नियमसम्मत नदेखिएको रु.

| भौचर नं र मिति | भुक्तानी पाउँने | प्रयोजन | रकम |
|---|---|---|---|
| १०५२, १२।१९ | वडा नं ३ का ३ वटा सहकारी संस्थालाई कम्प्यूटर प्रिन्टर लगायतका सामान वितरण | कार्यालय व्यबस्थापन खर्च | २८७१६९ |

| | | | |
|---|---|---|---|
| १४२६, २।१८ | वडा नं ३ मा सुर्यकिरण बहुउद्धेश्यीय कृषि तथा पशु शहकारी संस्था लि | सफ्टवेयर जडान खर्च भुक्तानी | १२८३२ |
| १६९५, ३।२४ | वडा नं ६ को जुटपानी साना किसान कृषि सहकारी संस्था लि र नव मिलिजुली संस्था | सिसिटिभी जडान खर्च र कुर्सी खरिद | ८०००० |
| **जम्मा** | | | **३८०००१** |

| | |
|---|---|
| अनियमित भएको | ३,८०,००१ |

## ३८ दिवा खाजा

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं. २.७.११.१ मा स्थानीय तहले सामुदायिक विद्यालयको प्रारम्भिक बालबिकास कक्षा देखि कक्षा ६ सम्ममा अध्यनरत विद्यार्थीहरुको लागि विद्यालयमा उपस्थिति हाजिरीको आधारमा प्रति विद्यार्थी रु.१५।- को दरले १८० दिनको लागि त्रैमासिक रुपमा दिवा खाजाको रकम निकासा दिने व्यवस्था छ । पालिकाले विद्यार्थीहरुको उपस्थिति हाजिरी विद्यालयका प्रधानाध्यापक र विव्यस अध्यक्षबाट प्रमाणित गराई स्थानीय तहमा संकलन गरी संख्या एकिन भएपश्चात मात्र त्रैमासिक रुपमा निकासा गर्नुपर्नेमा विद्यालयले उपलब्ध गराएको हाजिरी विवरणको आधारमा ३५ वटा सामुदायिक विद्यालयको खातामा रु.१,१४,७४,०८९।- निकासा गरेको छ । दिवा खाजा त्रैमासिक रुपमा विद्यार्थीहरुको उपस्थिति हाजिरी पुस्तिकाका आधारमा निकासा गर्नेतर्फ पालिकाको ध्यान जानुपर्दछ ।

## ३९ सेनिटरी प्याड

सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ बमोजिम विद्यालयहरुले छात्राहरुको संख्या एकिन गरी आवश्यक पर्ने सेनिटरी प्याड शिक्षा शाखा मार्फत माग गर्ने र शिक्षा शाखाले स्थानीय तहमा भएको शैक्षिक व्यवस्थापन सुचना प्रणालीको तथ्यांकसंग भिडान गरी विद्यालयलाई आवश्यक हुने संख्यामा सेनिटरी प्याड उपलब्ध गराउनुपर्ने र विद्यालयले प्राप्त गरेको सेनिटरी प्याडको अभिलेख जिन्सी खातामा व्यवस्थित रुपले राख्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष सामुदायिक विद्यालयको कक्षा ६ देखि १२ सम्मका छात्राहरुका लागि भौ.नं. २६५।२०८०।२।१७ बाट ८ वटा विद्यालयहरुको खातामा निशुल्क सेनिटरी प्याड वापत रु.७,०१,००६।- निकासा गरेकोमा दाखिला प्रतिवेदन तथा बिल पेश भएको देखिन्छ । आर्थिक वर्षको सुरुमै सेनिटरी प्याड खरिद गर्न रकम निकासा गर्नुपर्ने वा खरिद गरी समयमै विद्यालयको माग बमोजिम निकासा दिने, खरिद गरिएका सेनिटरी प्याड वितरणको अभिलेख राखे नराखेको सम्बन्धमा अनुगमन गर्ने र वर्षान्तमा रहेको मौज्दातको आधारमा नै आगामी आर्थिक वर्षको लागि आवश्यक परिमाणको यकिन गरी खरिद गर्नुपर्ने व्यवस्था मिलाउनुपर्दछ ।

## ४० बढि निकासा

४०.१ शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं. २.१ बमोजिम स्थानीय तहले शिक्षकको तलब भत्ता निकासा गर्दा कायम भएको शिक्षक दरवन्दी, शिक्षक अनुदान कोटा, प्राविधिक तर्फका अनुदानमा कार्यरत शिक्षकहरुको लागि विद्यालयहरुबाट प्राप्त माग फाराम रुजु गरी उपलब्ध गराउने तथा स्थायी शिक्षकहरुको तलबी प्रतिवेदन शिक्षा विकास तथा

समन्वय इकाई मार्फत विद्यालय शिक्षक किताबखानाबाट पारित गराई सोही प्रतिवेदनको आधारमा निकासा उपलब्ध गराउने व्यवस्था छ । साथै अवकास प्राप्त तथा राजिनामा गरेका शिक्षकहरुको तलब भत्ता निकासा गर्दा कार्यरत दिनसम्मका लागि र सरुवा भई आउने शिक्षकको रमाना अनुसार निकासा गर्नुपर्ने व्यवस्था छ । पालिकाले उल्लेखित विद्यालयका शिक्षकहरुलाई अवकाश/राजिनामा तथा रमाना मिति अनुसार निकसा गर्नुपर्नेमा बढि निकासा गरेकोले सम्बन्धित विद्यालयबाट फिर्ता गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु.

| सि.नं. | विद्यालयको नाम | शिक्षकको नाम | अवकास/सरुवा मिति | बढि निकासा | कैफियत |
|---|---|---|---|---|---|
| १ | पृथ्वी मा वि | नारायण आचार्य | २०७९।८।२७ | ६७६४ | ०७९।८।२७ मा राजिनामा |

**(प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०८०।१२।१४ को निर्णयबाट रु.५०,७९३।- सम्परीक्षण गरिएको ।)**

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,७६४ |

४०.२ शुभशान्ती आविका दल बहादुर बोहारा मिति २०७९ ।५।२१ को पत्रानुसार मिति २०७९।५।२२ देखि लागु हुने गरी सरुवा भएकोमा पत्रमा तलब भत्ता भुक्तानी भएको अन्तिम मिति २०७९।३।२२ भएकोले पालिकाबाट श्रावण, भाद्र र चाडपर्व समेत रु.१,१७,१०६।- भुक्तानी भएको छ । रमना पत्रानुसार तलब भत्ता भुक्तानी भएको अन्तिम महिना आषाढ भएकोले सरुवा भएको विद्यालयलाई पालिकाबाट श्रावणदेखि तलब निकासा हुने देखिन्छ । यस पालिकाबाट तलब भत्ता भुक्तानी भईसकेकोले सरुवा भएको विद्यालयमा रकम निकासा नभएको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,१७,१०६ |

४१ **कक्षा ८ परीक्षा संचालन**

✂ .......... ***(प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०८०।१२।१४ को निर्णयबाट रु.१,३२,७७५।- सम्परीक्षण गरिएको ।)***

४२ **छात्रवृत्ति वितरण**

✂ .......... **(प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०८०।१२।१५ को निर्णयबाट रु.१६,२००।- सम्परीक्षण गरिएको ।)**

४३ **शिक्षण सिकाई अनुदान**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं. २.७.१३.४१ मा सामुदायिक विद्यालयका आधारभुत तह(कक्षा ६-८) का लागि तथा क्रियाकलाप नं. २.७.१३.४० मा सामुदायिक विद्यालयका माध्यमिक तह(कक्षा ९-१०) का लागि शिक्षण सिकाई अनुदान दिने व्यवस्था छ । पालिकाले निम्नानुसार विद्यालयहरुलाई शिक्षण सिकाई अनुदानका

शिक्षकहरुको तलब रु.१७,७१,४७९।- निकासा गरेकोमा रु.१५,१०,८००।- खर्च भएकोले बाँकी रु.२,६०,६७९।- असुल गरी संघीय संचित कोष दाखिला गर्नुपर्ने रु.

| सि.नं. | विद्यालयको नाम | निकासा रकम | खर्च रकम | बाँकी रकम |
|---|---|---|---|---|
| १ | जमुनापुर मावि | ९११७६० | ७३०८९० | १८०८७० |
| २ | मावि रेडक्रसग्राम | ८५९७१९ | ७७९९१० | ७९८०९ |
| **जम्माः** | | **१७७१४७९** | **१५१०८००** | **२६०६७९** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,६०,६७९ |

४४ **मेडप्पा कार्यक्रम**

गरिबि निवारणको लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ को बुंदा नं. ३९ मा तालिमबाट उत्पादित सामान वा वस्तुहरुको व्यवस्थित अभिलेख राखी त्यस्ता उत्पादनहरु परल मूल्यको पचास प्रतिशत छुट मूल्यमा सहभागीहरुलाई बिक्री गर्ने तथा यसरी बिक्री हुन नसकेमा सम्भव भएसम्म बिक्री वितरण वा प्रचार प्रसारको लागि कोसेली घर, सौगात गृह, बिक्री कक्ष वा प्रदर्शनी स्थलमा पठाउने र पठाउँदा पनि बिक्री नभएमा विवरण सहित कार्यालयमा बुझाई सात दिनभित्र स्टोर दाखिला गर्नुपर्ने व्यवस्था छ । यसरी बिक्री पश्चात प्राप्त रकम कार्यालयले तोकेको राजस्व खातामा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष २ महिने व्यूटिपार्लर र सिलाई कटाई लगायतका तालिम संचालन गरी रु.९,७९,६०७।- भुक्तानी गरेकोमा के कति सामान वा वस्तुहरु उत्पादन भए र सो बिक्री भए वा भएन यकिन गर्न सकिएन । सो यकिन गरी ती वस्तु तथा सामानहरु बिक्री गरी राजस्व खातामा दाखिला गर्नुपर्ने देखिन्छ ।

४५ **चाडपर्व भत्ता**

*✂ .......... (प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०८०।१२।११ को निर्णयबाट रु.४०,१७५।- सम्परीक्षण गरिएको ।)*

४६ **प्रशिक्षण भत्ता**

अर्थ मन्त्रालयबाट स्वीकृत भई जारी भएको कार्य संचालन निर्देशिका, २०७७ को बुंदा नं. ७.१.१५ बमोजिम सार्वजनिक निकायले संचालन गर्ने तालिम, गोष्ठि, सेमिनार तथा कार्यशालामा कक्षा लिए वापत रु.७००।- र कार्यपत्र वापत रु.८००।- गरी रु.१,५००।- पाउने उल्लेख छ । साथै सम्बन्धित कार्यालयले संचालन गरेको तालिममा सोही कार्यालयको स्रोत व्यक्ति भएको अवस्थामा कक्षा लिए वापतको पारिश्रमिक नपाउने तर कार्यपत्र वापतको रकम पाउने उल्लेख छ । पालिकाले निम्नानुसार कार्यक्रम संचालन गरी आफ्नै कार्यालयको स्रोत व्यक्ति भएको अवस्थामा पनि कक्षा लिए वापत १ सेसनको रु.१,४००।-, रु.१,६००।-, रु.२,०००।- र रु.२,१००।- का दरले भुक्तानी गरेकोले असुल गर्नुपर्ने रु.

| भौ.नं. र मिति | कार्यक्रम | कर्मचारीको नाम | कक्षा संख्या | रकम(कर पछि) |
|---|---|---|---|---|
| ११९।०७९।९।२९ | नाक कान घाँटी मुखको स्वास्थ्य सम्बन्धी अभिमुखीकरण ३ दिन | सुशिल अधिकारी | २ | २०४० |
| | | रविन्द्र प्रसाद देवकोटा | १ | १०२० |
| | | केशव प्रसाद उपाध्याय | १ | १०२० |
| १९६।०८०।१।३ | बहुक्षेत्रिय पोषण सम्बन्धी स्वास्थ्यकर्मीहरुको क्षमता अभिवृद्धि तालिम १२।४ देखि १० ७ दिन | प्र.नि.यो.अ. पुरुसोत्तम अर्याल | ७ | ७१४० |
| | | ज.स्वा.नि. विश्वनाथ रेग्मी | ७ | ७१४० |
| १४२।०७९।१०।२६ | महिला सामुदायिक स्वास्थ्य स्यंमसेविका अर्धवार्षिक समिक्षा | विश्वनाथ रेग्मी | २ | २२१० |
| १३४।०७९।१०।२० | बृहत पोषण प्याकेज तालिम ७ दिन | विश्वनाथ रेग्मी | ७ | ७१४० |
| | | मिलन लोप्चन | ७ | ७१४० |
| १७०।०७९।१२।८ | महिला सामुदायिक स्वास्थ्य स्यंमसेविकाहरुलाई पोषण सम्बन्धी ३ दिने तालिम | विश्वनाथ रेग्मी | ३ | ३०६० |
| | | नविन पराजुली | ३ | ३०६० |
| **जम्मा** | | | | ४०९७० |

***(प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०८०।१२।११ को निर्णयबाट रु.४७,६८५।- सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४०,९७० |

४७ **गाडी भाडा**

✂ .......... ***(प्रारम्भिक प्रतिवेदन उपर कालिका मौरी पकेटको असुल भई पेश भएको आधारमा मिति २०८०।१२।११ को निर्णयबाट रु.८,०००।- सम्परीक्षण गरिएको ।)***

४८ **प्रधानमन्त्री स्वरोजागर कार्यक्रम**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ९ वडामा विद्यालय सरसफाइ तथा मर्मत, वाल निर्माण, सिँचाइ कुलो निर्माण तथा सरसफाइ लगायतका योजना सञ्चालन गरी यस वर्ष १७३ जनालाई औसत ३२.९४ दिनले ५६९७ दिन रोजगारी उपलव्ध गराई रु.३४,८६,५३७।- श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा

स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

**४९ अन्य निकायको खर्च**

नेपाल सरकार मातहतका सवै निकायहरुको आबश्यक कार्यक्रमका लागि आबश्यक बजेट व्यबस्था गरेको हुन्छ ।जुन रकम नपुग भएमा तालुक निकायसंग नै माग गर्नु पर्दछ ।तर पालिकाले भौचर नं ११५० मिति २०८०।१।१३ मा जिल्ला प्रशासन कार्यालयको गाडी मर्मत खर्च रु १०६४१२। भुक्तानी गरेको देखियो।पालिकाले अन्य निकायबाट संचालन भएको कार्यको खर्च भुक्तानी दिने कार्यमा नियन्त्रण गर्नु पर्दछ ।

**५० अवलोकन भ्रमण**

*........... (प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०८०।१२।११ को निर्णयबाट रु.९,९००।- सम्परीक्षण गरिएको ।)*

**५१ वितरणमुखी कार्यक्रम**

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७३ (६) मा स्वीकृत बजेट खर्च गर्दा मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्य समेत कायम गर्न आवश्यक व्यबस्था मिताउंनु पर्ने र दफा २४ मा दिर्घकालिन योजनाको छनौट गरी कार्यान्वयन गर्नु पर्नेउल्लेख छ।पालिकाले विभिन्न प्रकारका कार्यक्रमहरु संचालन गरेबापतको भुक्तानीमा वितरणमुखी प्रकृयाका कार्यक्रमहरु संचालन भएको देखियो।तसर्थ सरकारी रकमको खर्चमा मितव्ययीता र औचित्यको आधारमा दीर्घकालिन पूंजिबृद्धि गर्ने कार्यक्रमको तर्जुमा गरी कार्यान्वयन गर्नतर्फ पालिकाले ध्यान दिनु पर्दछ ।वितरणमुखी कार्यका केही उदाहरण निम्न बमोजिम रहेको छ ।

| भौचर नं र मिति | कार्यक्रम | रकम |
|---|---|---|
| १५४१, ३।१८ | ३७ वटा मोबाईल सेट र प्रिपेड सिमकार्ड खरिद गरी महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई वितरण | १०२६७५ |
| १०९२, १२।२८ | वडा नं १ का जे ना लाई २७५ वटा छाता र गम्छा वितरण | ३०५३८० |
| १७१२, ३।२४ | नगरसभामा उपस्थित २० जना पत्रकारहरुलाई भत्ता वितरण | २२००० |

**५२ शिक्षक दरबन्दी र पदपूर्ति**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ ।यस पालिका अन्तर्गत ३५ वटा विद्यालयमा २२८ जना शिक्षक दरबन्दी भएकोमा २२८ जना नै पदपूर्ति र पदपूर्तिमध्ये ६६ जना करार/राहत शिक्षक रहेको देखिन्छ।दरवन्दी अनुसार पदपूर्ति हुनुपर्दछ।ति विद्यालयहरुमा विद्यालय तथ्याङ्क अनुसार कुल विद्यार्थी संख्या ८९३४ रहेको देखिन्छ।विद्यार्थी संख्याको तुलनामा शिक्षक बढी भएको विद्यालयबाट कम शिक्षक भएको विद्यालयमा

शिक्षकको दरवन्दी मिलान एंव न्यून विद्यार्थी भएको विद्यालयहरु सम्भाव्यताको आधारमा समायोजन गर्नुपर्दछ ।

## ५३ कार्यसम्पन्न प्रतिवेदन

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ र १२५ अनुसार सम्झौता अनुसारको निर्माण कर्ताले कार्यसम्पन्न भैसकेपछि कार्यस्वीकार तथा कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्दछ । देहायका निर्माण व्यवसायीबाट देहाय अनुसार कार्य गरेकोमा लेखापरीक्षण अवधिसम्म कार्यस्वीकार प्रतिवेदन तथा कार्यसम्पन्न प्रतिवेदन श्रेस्तामा संलग्न नभएको हुँदा सोको प्रमाण पेस हुनुपर्दछ ।

| भौ.नं.।मिति | सप्लायर्सको नाम | विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| १०८।२०८०।३।२४ | हाइटेक इञ्जिनियरिङ्ग वर्कसप प्रा.लि. | विभिन्न झोलुङ्गे पुलको सामान खरिद | ८८१४७० |
| २५९।२०८०।१।२६ | अक्यूट नेपाल प्रा.लि. | ह्यूम पाइप (विभिन्न साइजका १२७.५ मिटर) | ६९९६४० |
| १००।२०७९।१०।१९ | सरस्वती जाली उद्योग | मेसजाली १२२६.७६ स्वा.मि. | ५९९८८१ |
| जम्मा | | | २१८०९९० |

## ५४ पालिका भवन निर्माण

प्रशासनिक भवन रू.११,६१,०४,०३३।६१ को लागतमा १८ महिनाभित्र सम्पन्न गर्ने गरी निर्माण व्यवसायी रविना कन्स्ट्रक्सन प्रा.लि. सँग मिति २०७६।११।१५ मा सम्झौता भएको थियो । आर्थिक वर्षको अन्त्यसम्म रू.७,१५,७६,८६३।६१ (६१.६४ प्रतिशत) भुक्तानी भएको छ । यससम्बन्धमा देखिएका व्यहोराहरू निम्न अनुसार छन्:

१. पालिकाले उपलब्ध गराएको विवरण अनुससार क्रमशः मिति २०७९।६।३०, २०७९।११।३० र २०८०।८।२९ सम्म तीन पटक म्याद थप भएको छ । कुल कामको ६१.६४ प्रतिशत मात्र रकम भुक्तानी भएको र लेखापरीक्षणको अवधिसम्म काम सम्पन्न हुन सकेको छैन । यथाशीघ्र काम सम्पन्न गराउनेतर्फ पालिकाको ध्यान जानुपर्दछ
२. पालिकाले भवन निर्माणको भौतिक प्रगति पेस गरेको छैन ।
३. पालिकाले निर्माण व्यवसायीलाई उपलब्ध गराएको पेस्की मध्ये लेखापरीक्षणको अवधि २०८०।१०।१० सम्म पेस्की रू.७३,४२,०००।- फस्र्योट गर्न बाँकी रहेको छ । तर नविल बैङ्कमा रहेको पेस्की जमानतको म्याद २०८०।१०।२० सम्म मात्र भएकोले सो को नवीकरण समयमै हुनुपर्दछ ।
४. निर्माण व्यवसायीले ठेक्का अनुसार बीमा वापत रू.६,७८,०२६।- भुक्तानी दिएको छ । अन्तिम म्याद थप २०८०।८।२९ अनुसार २०८१।९।२९ सम्म म्याद भएको जोखिम न्यून गर्न बीमा गरेको कागज हुनुपर्ने तथा लेखापरीक्षण अवधि २०८०।१०।१० सम्म कुल ६१.६४ प्रतिशत मात्र भुक्तानी भएको सन्दर्भमा काम सम्पन्न हुने अन्तिम मितिबाट त्रुटी सच्चाउने अविधि भएको बीमाको नवीकरण गरेको कागजात पेस गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,७८,०२६ |

## ५५ सोझै खरिद

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा प्रतिस्पर्धालाई सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ । पालिकाले वार्षिक बजेटमा ल्यापटप, कम्प्युटर, सि.सि. क्यामेरा खरिद गर्न रकमनै छुट्टाएको छ । यसरी एकै खालको सामान सिधै खरिदको सीमाभन्दा बढी खरिद गर्नुपर्दा खरिद विधि छनौट गरी प्रतिस्पर्धात्मक विधिबाट खरिद गर्नुपर्नेमा छोटो समयमा पटकपटक टुक्रा टुक्रा पारी देहायअनुसार खरिद गरेको छ । यसरी खरिद गर्दा सामानको स्पेशिफिकेशन तयार नगर्ने, सामान प्राप्त भएपछि गुणस्तर जाँच नहुने, प्रतिस्पर्धा सीमित हुने कारण खरिद कार्य मितव्ययी हुन सक्ने देखिएन । तसर्थ उक्त खरिद कार्य नियमसम्मत देखिएन ।

| क्र.सं. | योजनाको नाम | कामको प्रकृति | खर्च रकम |
|---|---|---|---|
| १ | वडा नं १ र ३ मा सडक बत्ती जडान | सडक बत्ती जडान कार्य | ९५२६३५ |
| २ | वडा नं. ४ र ५ मा सोलार बत्ती जडान | सोलार बत्ती जडान कार्य | ९९७७२५ |
| ३ | विभिन्न ठाउँमा सि.सि.टि.भी मर्मत | सि.सि. टि.भी मर्मत | २१९५५२ |
| ४ | वडा नं १ सि.सि. क्यामेरा जडान | सि.सि. क्यामेरा जडान | ४०७७२९ |
| ५ | प्रिन्टर तथा टोनर खरिद | वडा तथा कार्यालयको लागि प्रिन्टर टोनर खरिद | ९३९१७२ |
| ६ | इन्भर्टर, एसी, डेस्कटप कम्प्युटर जडान | वडा तथा कार्यालयको लागि आवश्यक सामान खरिद | ५४६९४८ |
| ७ | ह्युमपाइप खरिद | विभिन्न वडाको लागि आवश्यक ह्युमपाइप खरिद | ७११००२ |
| ८ | वडा नं १ र ३ मा सडक बत्ती जडान | सडक बत्ती जडान कार्य | ९५२६३५ |
| ९ | राजश्व सुधार कार्ययोजना | राजश्व सुधार कार्ययोजना अद्यावधिक | १९८८८० |
| १० | पशु सेवाको भ्याक्सिन खरिद | भ्याक्सिन खरिद | २००००० |
| **जम्मा** | | | ६१२६२७८ |

## ५६ काम हुन नसकेको

ठामेन थोर्वालिङ्ग गुम्बा रू.४,६०,४४,५४२।१६ को १८ महिनाभित्र सम्पन्न गर्ने गरी मिति २०७८।७।१७ मा सम्झौता भएको थियो।यसवर्ष रू.५९,००,०००।सहित आर्थिक वर्षको अन्त्यसम्म रू.१,१८,६०,६३२।९६ (अर्थात् २५.७६ प्रतिशत) भुक्तानी भएको छ । यससम्बन्धमा निम्नअनुसार कैफियत देखिएको छः

- निर्माण स्थलको भौतिक निरीक्षण गर्दा स्ट्रक्चरको काम लगभग सकिएको छ । पालिकाले संघीय सरकारले बजेट निकासा नगरेको कारण निर्माण व्यवसायीले गरेको कामको भुक्तानी समेत पाएको स्थिति छैन । श्रोतको सुनिश्चतता नभै ठेक्का सम्झौता गरेको तथा निकासा नभएको कारण निर्माण कार्य अधुरो रहने जोखिम कायमै छ । यसतर्फ तालुक निकायको समेत ध्यान जानुपर्दछ ।



## ५७ परामर्श तथा डिपिआर खर्च

बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ। यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| क्र.सं. | कार्यक्रमको नाम | परामर्शदाता | खर्च रकम | अध्ययनबाट निर्धारण भएका आयोजनाको लागत |
|---|---|---|---|---|
| १ | बुङखोला खानेपानी | साइन टेक्नोक्राट्स प्रा.लि. | ३३३००० | 10751787।77 |
| २ | कृषि क्षेत्र वर्गीकरण | स्कलर्स कन्सल्ट | १६९३४५१ | नीतिगत प्रतिवेदन |
| ३ | थाङखोला बुङखोला आइ.इ.इ | शोभा इन्जिनियरिङ | ३८६४६० | ९००० घ.मि. |
| ४ | थाङखोला बुङखोला आइ.इ.इ | पेसो कन्सल्टेन्स | ३८४२०० | |
| ५ | राजश्व सुधार योजना | बागमती बौद्धिक समाज | १९८००० | ५ करोड राजश्व उठाउने लक्ष्य |
| ६ | कयरखोला नदी नियन्त्रण | ग्रीन डेल्टा इन्जिनियरिङ क. प्रा.लि. | ९०४०० | ३३७२० घ.मि. दिगोरुपमा उत्खनन गर्न सकिने परिमाण |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन। डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ। साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन।

## ५८ निर्माण व्यवसायीबाट काम

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१०) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैंले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सव-कन्ट्र्याक्टरबाट गराउन सकिने छैन भन्ने उल्लेख छ । उपभोक्ताले रकम भुक्तानी लिन पेस गरेको बिल, भरपाई, कार्यबिल लगायतको फाँटबारीको नमूना परीक्षण गर्दा उपभोक्ताको श्रम प्रयोग नभएको, मेसिनयन्त्र प्रयोग गरी ग्राबेल बाटो तयार गरेको, नयाँ सडक बनाएको तथा बाटो स्तरीकरण गर्दा निर्माण व्यवसायीले पेस गरेको विजकमा उल्लेख भएको मूल्य अभिवृद्धि कर सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा बुझाए नबुझाएको यकिन गर्न सकिएन। तसर्थ देहायअनुसारका उपभोक्ता मार्फत् भुक्तानी लिन निर्माण व्यवसायीले जारी गरेका विजकको मूल्य अभिवृद्धि कर आन्तरिक राजस्व कार्यालयमा बुझाएको प्रमाण पेस गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रू.

| भौ.नं.।मिति | उपभोक्ताको नाम | भुक्तानी | निर्माण व्यवसायीको नाम | बिल रकम | मू.अ. कर | जम्मा भुक्तानी |
|---|---|---|---|---|---|---|
| ११।२०८०।३।१४ प्रदेश | तिनदोभान दान्सिटार ट्रायाक खोल्ने उपभोक्ता समिति | २९०००५१ | अमलाचुली निर्माण सेवा प्रा.लि. (६०६६४४००८) | १३९३५६० | १८११६३ | १५७४७२३ |
| ४४२।२०८०।३।१३ | थाङ खोला बुङ खोला व्यवस्थापन | ४८१९९४१ | नेवा हार्डवेयर (६००८७८५४४) | १७४५२२ | २२६८८ | १९७२१० |
| | | | श्री कृष्ण वेयरिङ्ग प्रा.लि. (६०६८११०७७) | ७०८८०० | ९२१४४ | ८००९४४ |
| | | | लामा निर्माण सेवा | २३९६०१७ | ३११४८२ | २७०७४९९ |
| ४२५।२०८०।३।७ | कुमार चौधरिको घरदेखि पश्चिम सातभाई चोक हुदैं बुधन महतो को घरसम्म उ.स. | ८९६१२९ | विगिमा इन्टरप्राइजेज | ६६३०२२ | ८६१९३ | ७४९२१५ |
| २७६।२०८०।२।१ | वडा भित्रका विभिन्न बाटो मर्मत उपभोक्ता समिति | ४००००० | किङ्गफिसर कम्पनी एण्ड सप्लायर्स (६०५९५३९५९) | ३२५००० | ४२२५० | ३६७२५० |
| १४०।२०७९।१२।१ | बिभिन्नटोलको बाटो मर्मत तथा सुधारको लागी विनियोजित उ.स. | १४४९३३८ | अमलाचुली निर्माण सेवा प्रा.लि. (६०६६४४००८) | ७९६५०० | १०३५४५ | ९०००४५ |
| १६०।२०७९।१२।१३ | लोतन्ति जाने वाटो स्तोरन्नत्ति उपभोक्ता समिति | १०००००० | अमलाचुली निर्माण सेवा प्रा.लि. (६०६६४४००८) | ४८६७६० | ६३२७९ | ५५००३९ |
| २९८।२०८०।२।५ | वाइमाराङ्ग साम्मुख गोदरा वामताल उ.स. | १५७२५७७ | अमलाचुली निर्माण सेवा प्रा.लि. (६०६६४४००८) | ८९९९६० | ११६९९५ | १०१६९५५ |
| १३३।२०७९।११।१९ | दानेटार देखि ब्रोकास भन्ज्याङ सम्म जोड्ने ट्र्याक बाटो निर्माण उ.स. | ४५१४४९ | अमलाचुली निर्माण सेवा प्रा.लि. (६०६६४४००८) | २०३४०० | २६४४२ | २२९८४२ |
| | | | **जम्मा** | **८०४७५४१** | **१०४६१८०** | **९०९३७२१** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १०,४६,१८१ |

## ५९ खरिद भन्दा बढी भुक्तानी

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल, भर्पाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेस गर्नुपर्ने उल्लेख छ। देहायका ३ उपभोक्ता समितिले रकम भुक्तानी लिन पेस गरेको बिल भरपाई तथा कार्यबिलको परीक्षण गर्दा खरिद गरेको

ग्राबेल तथा ग्यावियनको परिमाण भन्दा बिलमा बढी राखी बढी रकम भुक्तानी लिएकोले रू.२,७३,०८५।८१ असुल गरी सञ्चित कोष दाखिला गर्नुपर्ने रू.

| भौ.नं.।मिति | उपभोक्ताको नाम | भुक्तानी | विवरण | विलको परिमाण | खरिद परिमाण | बढी परिमाण | दर | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| २३४।२०८०।१।१७ | आत्मराम घरदेखि वडा नं. ६ सम्म | २००००० | ग्रावेल | २५१.६०$m^3$ | २२७ | २५ | ७८७ | १९३५७ |
| ४२५।२०८०।३।१७ | कुमार चौधरीको घरदेखि पश्चिम वुघन महेताको घरसम्म | ८९६१२९ | ग्रावेल | ७४५.३३$m^3$ | ६२२ | १२३ | १२०० | १४८०२१ |
| ४४२।२०८०।३।१७ | थाङखोला बुङखोला व्यवस्थापन उ.स. | ४८१७९४१ | ग्याविन | २८५०sqm | २५७० | २८० | ३७८ | १०५७०८ |
| | | | | | | | जम्मा | २७३०८६ |

| असुल गर्नुपर्ने | २,७३,०८५.८१ |
|---|---|

## ६० बढी दर

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल, भर्पाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेस गर्नुपर्ने उल्लेख छ।साथै पालिकाले सम्झौता अनुसार उपभोक्तालाई रकम दिनुपूर्व पालिकाले तयार गरेको दर विश्लेषणबाट तय भएको दर अनुसार हिसाब गरी रकम दिनुपर्दछ।देहायका उपभोक्तालाई देहायको काम जस्तै आर.सि.सि., पि.सि.सि., स्टोन मेशिनरी वाल आदि लगाउँदा तोकिएको भन्दा बढी दर भुक्तानी दिँदा ९ गोटा उपभोक्ता समितिलाई रू.६,०७,३१४।६१ बढी भुक्तानी दिएकोले असुल गरी सञ्चित कोष दाखिला गर्नुपर्ने रू.

| भौ.नं.।मिति | उपभोक्ताको नाम | भुक्तानी | विवरण | परिमाण | भुक्तानी दर | दिनुपर्ने दर | बढी दर | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|---|
| ५२३।२०८०।३।२४ | जयबुद्द तमु समाज गुम्वा उपभोक्ता समिति | १७३४००० | RCC 1:1.5:3 | ५६.९२ | १४२८२.८७ | १३७८०.८१ | ५०२.०६ | २८५७७.२६ |
| १९४।२०७९।१२।२८ | कालिका अस्पताल देखि खेमलाल अधिकारीको वारी सम्म कुलो लाइनिङ् | ५००००० | RCC 1:2:4 | २३.४७ | १२१९७.६१ | १०४३७.०० | १७६०.६१ | ४१३२१.५२ |
| २११।२०८०।१।६ | खोलेसिमल जल प्रवन्ध उपभोक्ता वीरिङ् देखि कुलो लाइनिङ् | २००००० | RCC 1:2:4 | ९.०८ | १२१९७.६१ | १०४३७.०० | १७६०.६१ | १५९८६.३४ |
| १५५।२०७९।१२।७ | कयरखोला भुत्याहा वेलचौर कुलो मर्मत उपभोक्ता समिति | १०००००० | RCC 1:2:4 | ४३.४९ | १२१९७.६१ | १०४३७.०० | १७६०.६१ | ७६५६८.९३ |
| ९४।२०७९।१०।१६ | प्रगति टोल कुलो लाईनिङ उपभोक्ता समिति | २००००० | RCC 1:2:4 | १५.८३ | १२१९७.६१ | १०४३७.०० | १७६०.६१ | २७८७०.४६ |
| ४६।२०७९।८।२७ | थाङ्गखोला बुङखोला कुलो समिति | ९९४०१३ | RCC 1:1.5:3 | ११.१५ | १५५७६.०० | ११५९४.०० | ३९८२.०० | ४४३९९.३० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४३।२०७९।८।२३ | सम्झना परियारको घर पछाडी अधुरो वाल निर्माण नि | १९७९९७ | Stone Machinary Wall 1:6 | २२.५८ | ९१२४.७९ | ८०२५.६२ | १०९९.१७ | २४८१९.२६ |
| २८।२०७९।७।४ | जुटपानी बजार पिच र नाला विच ढलान उपभोक्ता समिति | ५००००० | PCC 1:3:6 | ५२.६१ | १००७१.५६ | ९१९९.१२ | ८७२.४४ | ४५८९९.०७ |
| ७।२०८०।२।१९ प्रदेश | सगुन टोल सिंचाइ योजना उ.स. | २४१२७८८ | फर्मा | ९३६.३० | ५७९.३० | २५६.८९ | ३२२.४१ | ३०१८७२.४८ |
| | | | | | | | जम्मा | ६०७३१४.६१ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,०७,३१४.६२ |

## ६१ बढी भुक्तानी

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल, भर्पाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेस गर्नुपर्ने उल्लेख छ । पालिका र उपभोक्ता समितिबीच सम्झौता हुँदा कुल कार्यसम्पन्न रकमको १० प्रतिशत उपभोक्ताले व्यहोर्ने र बाँकी रकम पालिकाले व्यहोर्ने गरी सम्झौता भएको छ । सम्झौता अनुसार पालिकाले उपभोक्ताले सम्पन्न गरेको कामको आधारमा रकम उपलब्ध गराउँदा परीक्षण गरिएका केही उपभोक्ताहरूलाई सम्झौता भन्दा बढी रकम भुक्तानी दिएको देखिन आयो । तसर्थ तहाँबाट छानबिन गरी बढी भुक्तानी भएको रकम उपभोक्ताबाट असुल गरी सञ्चित कोषमा दाखिला गर्नुपर्ने रू.

| भौ.नं.।मिति | उपभोक्ता समितिको नाम | भुक्तानी रकम | कार्यसम्पन्न रकम | भुक्तानी हुनुपर्ने | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| ५१३।२०८०।३।२४ | कालिका मन्दिर पुर्वधार निर्माण उ.स. | १८२४३०९ | १९१३४८३ | १७२२१२५ | १०२१८४ |
| ५०४।२०८०।३।२२ | कालिका ७ रुम्वाटोल सिंचाइ वोरिङ्ग | ७३५००० | ७८९०७५ | ७१०१६८ | २४८३३ |
| ४९५।२०८०।३।२२ | बाह्रघरे देखि उत्तर गुम्वा चोक सम्म सडक ग्रभेल | ३०१०४० | ३१९३४९ | २८७४१४ | १३६२६ |
| ४८५।२०८०।३।२१ | काटोयोङदमर सिंचाइ उपभोक्ता समिति | २३६२२८ | २५०४३८ | २२५३९४ | १०८३४ |
| ४८३।२०८०।३।२० | गंगटे कयर खोला तट्वन्धन उपभोक्ता समिति | १५१८६४७ | १६३६२७२ | १४७२६४५ | ४६००२ |
| ४०५।२०८०।३।१ | श्री पदमपुर आधारभूत विद्यालय ढेढौली | १९८३१७ | २१३८६७ | १९२४८० | ५८३७ |
| ३९२।२०८०।२।२९ | कोखेलायो डांडा शाखाबाटो मर्मत उपभोक्ता समिति | २३१८४० | २४५४४६ | २२०९०१ | १०९३९ |
| ३८३।२०८०।२।२८ | दानेटार देखि ब्रोकास भन्ज्याङ सम्म जोड्ने ट्र्याक बाटो निर्माण उ.स. | २५६३१३ | २७११२० | २४४००८ | १२३०५ |
| ४०८।२०८०।३।४ | भिमवलि नारि समुह भवन मर्मत वडा नं ५ उपभोक्ता समिति | ४९९००७ | ५२९३२३ | ४७६३९२ | २२६१५ |
| ४४२।२०८०।३।१३ | थाङ खोला बुङ खोला व्यवस्थापन | ४८१७९१४ | ४८१७९४१ | ४३३३३५७ | ४८४५५७ |
| १९३।२०७९।१२।२८ | तिनदोभान देखि रन्तेश सम्म सडक स्तोरन्नती उ.स. | १६४३६५५ | १८१०८०० | १६२९७२० | १३९३५ |
| १६०।२०७९।१२।१३ | लोतन्ति जाने वाटो स्तोरन्नत्ति उपभोक्ता समिति | १०००००० | ११२८८५९ | ५४६८०४ | ४५३१९६ |

| | | | | | |
|---|---|---|---|---|---|
| १४०।२०७९।१२।१ | बिभिन्नटोलको बाटो मर्मत तथा सुधारको लागी विनियोजित उ.स. | १४४९३३८ | १५९४७०१ | १४१७५४० | ३१७९८ |
| १५९।२०७९।१२।१२ | देउजर देखि स्यावाङ्ग सम्म मोटरवाटो निर्माण तथा मर्मत उ.स. | ४००००० | ४९५४६२ | ३७७८९१ | २२१०९ |
| ३२६।२०८०।२।१२ | गणेश मन्दिर कुलो देखि निजिवन जानेवाटो निर्माण सुधार उ.स. | २००००० | २२४२०४ | १८१७८८ | १८२१२ |
| २९८।२०८०।२।५ | पाइमाराङ साम्खुम गोदरा वाकताल उ.स. | १५७२५५७ | १७१५८५१ | १५४४२६६ | २८२९१ |
| १३३।२०७९।११।१९ | दानेटार देखि ब्रोकास भन्ज्याङ सम्म जोड्ने ट्र्याक बाटो निर्माण उ.स. | ४५१४४९ | ४९७६८४ | ४४३१०८ | ८३४१ |
| ११७।२०७९।११।१५ | भास्राङ् देखी कोशरा सडक निर्माण उ.स. | ३००००० | ३४२३४२ | २८३६२० | १६३८० |
| ८०।२०७९।१०।९ | मर्दिङ देखि सुन्दरराङ सम्म सडक निर्माण उ.स. | ४००००० | ४५८६३० | ३७८१७७ | २१८२३ |
| ७९।२०७९।१०।१ | नेवारी गुठी कम्पाउन्ड वाल कालिका ०५ उ.स. | ८००००० | ८८०७५० | ७९२६७५ | ७३२५ |
| ६९।२०७९।९।२९ | मानवाङ् हुदै पाङ्मिको घरमाथीवाट गोसराङ्ग जाने वाटो निर्माण.उ.स. | ५००००० | ५५७८४४ | ४७६००० | २४००० |
| ९५।२०८०।३।२२ | घोरवाङ् झोलुङ्गेपुल निर्माण उ.स. | १२७९५५५ | ६१३५९६१ | ७९७५४५ | ४८२०१० |
| ७०।२०८०।२।१ | घोरवाङ् झोलुङ्गेपुल निर्माण उ.स. | १७२२०१२ | | १५७७११४ | १४४८९८ |
| २०।२०७९।११।३० | राष्ट्रिय आधारभुत विद्यालय दौंतेस | ३२६१६६० | ३४४९८४१ | ३१०४८५७ | १५६८०३ |
| ३७।२०७९।१२।३० | | | | | |
| ११६।२०८०।३।२४ | | | | | |
| | | | | **जम्मा** | **२१६२८५२** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २१,६२,८५२.१४ |

## ६२ निस्कृय खाता

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा नं. २६ को उपदफा ३ अनुसार एक आर्थिक वर्षसम्म एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैङ्कबाट अनुसूची-११ बमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाइएमा सम्बन्धित बैङ्कबाट लगत कट्टा हुने मितिसम्मको रकम सम्बन्धित लाभग्राहीलाई भुक्तानी गरी सो मितिभन्दा पछिको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी संघीय कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष १९ वटै वडाको चारवटै त्रैमासिकको भत्ता बैङ्क मार्फत वितरण गरेकोमा कार्यविधि अनुसार बैङ्कबाट अनुसूची-११ बमोजिमको ढाँचामा लाभग्राहीको विवरण प्राप्त गरेको छैन ।कार्यविधिको पालना गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

## ६३ दोहोरो खाता

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को अनसूची १० अनुसार गाउँ/नगरपलिबाट रकम प्राप्त हुनासाथ बैङ्कले लाभग्राहीको खातामा जम्मा गरी प्रत्येक खातामा जम्मा भएको रकम देखिने विवरण (*REVERSE FEED)* र बाँकी रकम भए सो रकम समेतको जानकारी गाउँ/नगरपालिकालाई गराई उक्त बाँकी रकम चौमासिक रुपमा समायोजन गरी वितरण गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले बैङ्क मार्फत्

सामाजिक सुरक्षा भत्ता वितरण गर्न निकासा उपलब्ध गराएकोमा सम्बन्धित बैङ्कले उपलब्ध गराएको अनुसूची-१० बमोजिमको विवरणको लेखापरीक्षण गर्दा निम्नानुसार फरक फरक लाभग्राहीको भत्ता एउटै खातामा जम्मा भएको देखिन्छ ।सो सम्बन्धमा पालिकाबाट यकिन गर्नुपर्ने रु.

| खाता नं. | वडा नं. | किस्ता | लाभग्राहीको नाम | निकासा रकम |
|---|---|---|---|---|
| ३०००१२३२६४०११ | ८ | १ | धन माया गुरुङ्ग | २४००० |
| ३०००१२३२९१०१९ | ८ | १ | गोपी माया खतिवडा | १२००० |
| | | | गोरी माया कामी | १२००० |
| ३०००१२३४९१०१८ | १० | १ | दिल माया तामाङ | ७९८० |
| | ११ | १ | दिल माया तामाङ | १२००० |
| ३०००१२३५१३०११ | १० | १ | नमती सुनार | १२००० |
| | | | नरमती सुनार | ७९८० |
| ३०००१२३५३८०१४ | १० | १ | शेर बहादुर प्रजा | १२००० |
| | ११ | १ | शेर बहादुर प्रजा | १२००० |
| ३०००१२३५८४०१६ | ९ | १ | मैया प्रजा | ७९८० |
| | ११ | १ | मैजा प्रजा | ७९८० |
| ३०००१२३८९००१७ | ८ | १ | मन माया चेपाङ | १२००० |
| | ११ | १ | मन माया चेपाङ | १२००० |
| ३०००१२४२०३०१६ | ८ | १ | देवी लाल गुरुङ | १२००० |
| | | | देवी लाल गुरुङ | १२००० |
| १५८०१४५३९३६००००० | १ | १ | आरोष वि. क . | १५९६ |
| | | | सुनिता सुनार | ६३८४ |
| **जम्मा** | | | | **१८३९००** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,८३,९०० |

६४ **मृत्यु भएका लाभग्राीलाई भत्ता**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा नं. २६ को उपदफा ३ अनुसार एक आर्थिक वर्षसम्म एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैङ्कबाट अनुसूची-११ बमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाइएमा सम्बन्धित बैङ्कबाट लगत कट्टा हुने मितिसम्मको रकम सम्बन्धित लाभग्राहीलाई भुक्तानी गरी सो मितिभन्दा पछिको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी संघीय कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार निम्नानुसार मृत्य भएका लाभग्राही नाममा समेत भत्ता वितरण भएकोले उक्त रकम असुल गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रू.

| क्र. सं. | परिचय नं. | नाम | लगत कट्टा लागु मिति | निकासा भएको | निकासा हुनुपर्ने | बढी निकासा | बढी निकासा भएको |
|---|---|---|---|---|---|---|---|
| १ | २००२०१२८००७७१ | दिप बहादुर श्रेष्ठ | २०८०।२।९ | १२००० | ५२०० | ६८०० | चौथो |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | २००११२३१७७१११ | विष्णु माया प्रजा | २०७९।१०।५ | १२००० | ६६७ | ११३३३ | तेश्रो |
| ३ | २००६०६१८००३३५ | रिता कुमारी क्षेत्री | २०८०।३।१३ | १२००० | ९७३४ | २२६६ | चौथो |
| ४ | १९९११२२४००२२८ | शंख बहादुर प्रजा | २०७९।१०।१४ | २४००० | १८६७ | २२१३३ | तेश्रो र चौथो |
| ५ | १९९८१२३१७८६३८ | कमान सिंह महतो | २०७९।८।१५ | १२००० | ६००० | ६००० | दोश्रो |
| ६ | २०७९०६१८०४०२९ | कुशुम सुनार | २०७९।१०।१० | ३१९२ | १७८ | ३०१४ | तेश्रो र चौथो |
| ७ | २०१०१००६०२३९७ | विर बहादुर पाखिन | २०७९।८।२५ | १२००० | ७८६२ | ४१३८ | दोश्रो |
| जम्मा | | | | ८७१९२ | ३१५०८ | ५५६८४ | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५५,६८४ |

## ६५ कालिका नगर अस्पतालतर्फ

६५.१ अस्पतालको आर्थिक वर्ष २०७९।८० मा प्राप्त गरेको आय-व्ययको विवरण निम्नानुसार रहेको छः

| आर्थिक वर्ष २०७९।०८० को आय- व्यय | | | | | |
|---|---|---|---|---|---|
| सि.नं. | आय | | सि. नं . | व्यय | |
| | विवरण | रकम | | विवरण | रकम |
| १ | गत वर्षको जिम्मेवारी | ९२७७७८९ | १ | अन्तरकृया छलफल कार्यक्रम | ३६३४० |
| | रा.बा.बैक | ८८४८१८३.९१ | २ | आमा सुरक्षा कार्यक्रम | १५९७४७ |
| | ने.बैक.लि | १७१४६ | ३ | सुरक्षित गर्भ पतन सेवा | २१५४४ |
| | देव विकास खाता | १२५६९ | ४ | एम.एस.एस कार्यक्रम | ८०००० |
| | माछापुच्छ्रे फार्मेसि खाता | २५८१०६ | ५ | विविध कार्यक्रम | ३०४१२ |
| | माछापुच्छ्र एम्वुलेन्स | १४१२८४ | ६ | विविध खर्च | ४९५१० |
| | विश्वनाथ रेग्मी | ५०० | ७ | कार्यालय संचाल मसलन्द सामाग्री | ७२४२८१ |
| २ | विमा वोर्ड बाट प्राप्त | २८९१२१११ | ८ | मेशिन औजार सवारी साधन मर्मत | ११३४३१ |
| ३ | फार्मेसि बाट प्राप्त | ५१८८२५ | ९ | इन्धन र मो.सा.मर्मत | १७४४१७ |
| ४ | एम्बुलेन्स सञ्चालन आम्दानी | ७४५१२० | १० | अन्य सार्वजनिक निर्माण र मर्मत सम्भार | १२७३८५४ |
| ५ | ओ.जि.टी बाट प्राप्त/ अन्य बिक्रि | ३४११ | ११ | विमा कार्यक्रम प्रोत्साहान सूविधा | ६३८९७३६ |
| ६ | प्रयोगशाला बाट प्राप्त | १२२५२३० | १२ | अस्पताल संचालन सामग्री (इर्मेजेन्सीमा,विमा स्टीकर,विमा टिकट,फाइवर झोला आदि) | ३७२१६५ |
| ७ | पे.फ.बाट | ३१०५३ | १३ | बैठक भत्ता | २३७००० |

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | ड्रेसिङ्ग आम्दानी/ इमेरजेन्सी | २००२९५ | १४ | इन्टरनेट,सुचना संचार | ८९७४० |
| ९ | आमा सुरक्षा कार्यक्रम | ३३१६०० | १५ | बिद्युत पानि महशुल | ४२५००० |
| १० | नगरपालिका प्रशासनिक खर्च | १२५००० | १६ | करार कर्मचारी पारिश्रमिक तथा सेवा शुल्क | ३१२०३२४ |
| ११ | नगरपालिका एम एस एस कार्यक्रम | ८०००० | १७ | अनकल ड्यूटी / अतिरिक्त सुविधा | ८८८९८२ |
| १२ | खाद्य सुरक्षा कार्यक्रम | २९५५ | १८ | टि.एफ.टी.परिक्षा | ४३८१०० |
| १३ | क्षयरोग कार्यक्रम | २४६२ | १९ | एम्वुलेन्स सञ्चालनमा इन्धन र मर्मत खर्च | ५२७१७६ |
| १४ | धरौटी प्राप्त | ६९३९४८ | २० | औषधि तथा ल्याव सामाग्री/ एक्सरे फिल्म खरिद | ८१५७५३५ |
| १५ | टेण्डर फर्म विक्री | ५१००० | २१ | मेशिन औजार कम्पुटर/ ल्याव मेशिन | २०९५१५१ |
| १६ | बेरुजु दाखिला | ४२७५ | २२ | स्क्रव तथा पोशाक | १३७००० |
| | | | २३ | छपाइ तथा बिज्ञापन सूचना प्रकाशन अन्य | २६०९८० |
| | | | २४ | सफ्टवेयर नवीकरण संचालन | १९५००० |
| | | | २५ | दैनिक भ्रमण भत्ता | ९०६०० |
| | | | २६ | प्रयोगशाला परिक्षा सेवा शुल्क | ४४६३८१५ |
| | | | २७ | फर्निचर फिक्सर सामग्री | ५९८९०० |
| | | | २८ | धरौटी फिर्ता | ४०४३५१ |
| | | | २९ | दाखिला हुन बाँकी रकम २०८०।८१ मा दाखिला भएको | ४६५० |
| | | | ३० | बैङ्क मौज्दात | १०६४५३३४ |
| | | | | नेपाल बैक | १७१४६ |
| | | | | देव विकास खाता संचालनमा नरहेको | १२५६९ |
| | | | | रा.बा.बैक | ९३५५४५१ |
| | | | | माछापुच्छ्रे फार्मेसि खाता | ९००४४० |
| | | | | माछापुच्छ्रे एम्वुलेन्स | ३५९२२९ |
| | | | | नगद (बिश्वनाथ रेग्मी) | ५०० |
| | **जम्मा** | ४२२०५०७४ | | **जम्मा** | ४२२०५०७४ |

कालिका नगर अस्पतालको गत वर्ष जिम्मेवारी रु.९२,७७,७८९।३६, बीमा बोर्डबाट प्राप्त रू.२,८९,१२,१११।, फार्मेसीबाट रू.५,१८,८२५।, एम्बुलेन्स आम्दानी रू.७,४५,१२०।र अन्य विविध

आय रु.२७,५१,२२९।गरी रु.४,२२,०५,०७४।३६। कुल आय रहेकोमा कार्यरत करार कर्मचारीहरुको तलब भत्ता, औषधि खरिद, मेशिनरी औजार खरिद र अन्य विविध खर्च रु.३,१५,५९,७४०।१२ भई रु.१,०६,४५,३३४।२४। बैंक मौज्दात देखिन्छ ।

६५.२ ***सोधभर्ना बाँकी बीमा***

*........... (प्रारम्भिक प्रतिवेदन उपर सोधभर्ना हुन बाँकीको रकमको प्रमाण पेश भएको आधारमा मिति २०८०-१२-११ को निर्णयबाट रु. ४,६६४,००५.४३ सम्परीक्षण गरिएको ।)*

## अनुसूचीहरू

अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

**आर्थिक बर्षः २०७९/८०**

**कार्यालय र स्थानः कालिका नगरपालिका, चितवन ।**

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Keshab prasad Upadhyaya | २०७९-४-२२ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | Nishan raj Gautam | २०७८-११-२ | २०७९-४-१३ |

**बेरुजु वर्गीकरणः**

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ४,९८९,४६६.५७ | ९२०,७०१ | ३,४६६,८६२ | ० | ४,६६४,००५.४३ | ८,८०४,०४६ |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | २२,८४५,०८१ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ५,१४४,७१३.४३ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | १७,७००,३६७.५७ |

**स्थानीय तह :**

| **गत बर्षको जिम्मेवारी** | | १५४२२३२१७.८४ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४३३५९७९७८.९३ | **चालु खर्च** | ४००६४२२६०.३६ |
| **प्रदेश सरकारबाट अनुदान** | ५४१६३३१३.८६ | **पूँजीगत खर्च** | ३४६९७४१९४.४५ |
| **राजश्व बाँडफाँट** | १७२८५१५५३.६३ | **वित्तीय/अन्य व्यवस्था** | १९१४३२९५३.८१ |
| **आन्तरिक आय** | ४०५७३३१६.६९ | | |
| **अन्य आय** | १९४५४९७७३.५९ | | |
| **कुल आय** | ८९५७३५९३६.७ | **कुल खर्च** | ९३९०४९४०८.६२ |
| **बाँकी मौज्दात** | | ११०९०९७४५.९२ | |